# नि:शुल्क भिसा तथा टिकटको प्रावधानको वैदेशिक रोजगारीमा प्रभाव




नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग

जेठ २०७५

# निःशुल्क भिसा तथा टिकटको प्रावधानको वैदेशिक रोजगारीमा प्रभाव


**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**www.nrb.org.np**

# प्राक्कथन

१. वैदेशिक रोजगारमा जाने कामदारको हित संरक्षण गर्ने उद्देश्यले नेपाल सरकारले २०७२ जेठ २६ गतेदेखि सात राष्ट्रहरुः मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब ईमिरेट्स, कुवेत, बहराइन र ओमानमा रोजगारीका लागि जाने कामदारहरुलाई **निःशुल्क भिसा तथा टिकट (Free Visa and Free Ticket)** को व्यवस्था अवलम्वन गरेको छ । यस व्यवस्थाले एकातिर वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च न्यूनीकरण हुने र विपन्न वर्गका कामदारहरुको पहुँच बढ्ने अनुमान छ भने अर्कोतिर विदेशी एजेन्टहरुमार्फत् हुने कामदारको माग अन्य देशतर्फ मोडिन गई यी देशहरुमा जाने कामदारको संख्यामा कमी हुन सक्ने सन्दर्भमा यो अध्ययन गरिएको छ ।

२. आर्थिक वर्ष २०५०/५१ मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या ३६०५ रहेकोमा सो संख्या आर्थिक वर्ष २०७३/७४ मा ३ लाख ९८ हजार पुगेको छ । वैदेशिक रोजगारीमा गएका मध्ये आर्थिक वर्ष २०५०/५१ मा ९१.८ प्रतिशत (३३०८ जना) निःशुल्क भिसा तथा टिकट लागू भएका देश गएका थिए भने यस्तो संख्या आर्थिक वर्ष २०७३/७४ मा ९४.९ प्रतिशत (३ लाख ७९ हजार) रहेको थियो ।

३. यो अध्ययन प्राथमिक तथा द्वितीयक दुबै किसिमका तथ्याङ्क विश्लेषणमा आधारित छ । प्रश्नावली सर्वेक्षणका लागि २०७३ असार मसान्तमा सञ्चालनमा रहेका वैदेशिक रोजगार व्यवसायी कम्पनीहरु (मेनपावर कम्पनी) मध्ये ५४ वटा (करिब ७.२ प्रतिशत) र वैदेशिक रोजगारीका लागि जाँदै गरेका ३१३ जनालाई छनौट गरिएको थियो । साथै, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट समेत सूचना लिइएको थियो ।

४. प्रश्नावली सर्वेक्षणमा सहभागी वैदेशिक रोजगारीमा गएकामध्ये ८० प्रतिशत मेनपावर कम्पनीमार्फत् गएको देखिन्छ । त्यसैगरी, कामका लागि एकै व्यक्ति तेह्रौ पटकसम्म विदेश गएको देखिन्छ ।

५. निःशुल्क भिसा र टिकटको व्यवस्थापछि समेत विदेशबाट हुने कामदारको मागमा प्रतिकूल प्रभाव परेको देखिदैन । तर कामका लागि विदेश जाने व्यक्तिको संख्यामा भने गिरावट आएको छ, जुन आपूर्तिमा आएको कमीको कारणले हुनसक्ने देखिन्छ ।

६. वैदेशिक रोजगार व्यवसायी (मेनपावर कम्पनी) मार्फत् विदेश गएका तीन चौथाई भन्दा बढी कामदारलाई निःशुल्क भिसा र टिकटको व्यवस्थाका बारेमा जानकारी रहेको देखिन्छ भने करिब सोही संख्यामा यो व्यवस्था अनुसार नै  विदेशिएको सर्वेक्षणले देखाएको छ ।

विदेश गएका मध्ये करिब एक तिहाई कामदारले मात्र यस व्यवस्था बमोजिम न्यूनतम शुल्क तिरेका छन् भने एक चौथाईले रु. ५० हजार भन्दा बढी रकम वैदेशिक रोजगार कम्पनीलाई बुझाएको देखिन्छ । तथापि, औसतमा विदेश जाने कामदारको लागत भने घटेको देखिन्छ ।

७. बढी रकम नतिरी मेनपावर कम्पनीले नपठाउने, एक व्यक्ति नगए अर्को व्यक्तिले बढी तिरेर जाने, बढी रकम तिरेपनि रु. १० हजारको मात्र बील दिने, निःशुल्क भिसा टिकटको बारेमा जानकारी नदिने जस्ता कारणले गर्दा निःशुल्क भिसा र टिकटको प्रावधानको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको अध्ययनको निष्कर्ष रहेको छ । तसर्थ, यस व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।

८. अन्त्यमा, यो अध्ययन सम्पन्न गर्ने क्रममा आफ्ना महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने श्रीमान् गभर्नरज्यू, श्रीमान् डेपुटी गभर्नरज्यूहरु, कार्यकारी निर्देशकहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस अध्ययनका लागि आवश्यक तथ्याङ्क एवम् विवरण संकलन, प्रशोधन तथा विश्लेषण कार्यमा प्रारम्भदेखि अन्तिम प्रतिवेदन तयार गर्दासम्म महत्वपूर्ण योगदान पुऱ्याउनु हुने शोधनान्तर शाखाका उप-निर्देशकहरु श्री सुमन नेउपाने र श्री रञ्जना पण्डित, सहायक निर्देशकहरु श्री रविन्द्र महर्जन, श्री मिन प्रसाद पोखेल, श्री जयन्ती चापागाई, श्री खगेश्वर भण्डारी, श्री राजीव शर्मा रेग्मी, श्री मित्र प्रसाद तिम्सिना, श्री अर्जुन सुवेदी र श्री भरत ओडलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, अन्तिम प्रतिवेदन तयारीको क्रममा सहयोग पुऱ्याउनु हुने कार्यकारी निर्देशक श्री पिताम्बर भण्डारी, यस विभागका निर्देशकहरु (श्री प्रदीपराज पौड्याल, डा. गुणाकर भट्ट, डा. प्रकाश कुमार श्रेष्ठ र डा. डिल्लीराम पोखेल) लाई समेत धन्यवाद दिन चाहन्छु ।

नर बहादुर थापा<br>
कार्यकारी निर्देशक<br>
अनुसन्धान विभाग

# विषय सूची


कार्यकारी सारांश i

**परिच्छेद एक : परिचय** **१**

पृष्ठभूमि १

समस्याको पहिचान ३

अध्ययनको उद्देश्य ४

अध्ययनको सीमा ४

प्रतिवेदनको ढाँचा ४

**परिच्छेद दुई : अध्ययन विधि** **६**

प्राथमिक तथ्याङ्क र नमूना छनौट ६

वैदेशिक रोजगार व्यवसायीसँग सम्बन्धित तथ्याङ्क ६

कामदारसँग सम्बन्धित तथ्याङ्क ८

द्वितीयक तथ्याङ्क ८

तथ्याङ्क विश्लेषण ९

**परिच्छेद तीन : वैदेशिक रोजगारी र विप्रेषण आप्रवाहको अवस्था** **१०**

विश्वमा वैदेशिक रोजगारी र विप्रेषणको अवस्था १०

नेपालमा वैदेशिक रोजगारी र विप्रेषण आप्रवाहको अवस्था ११

अन्य सार्क मुलुकसँगको तुलनात्मक अवस्था १२

वैदेशिक रोजगारी तथा विप्रेषण सम्बन्धी अन्य मुलुकमा रहेको व्यवस्था १५

नेपालबाट वैदेशिक रोजगारीमा जाने प्रक्रिया र लाग्ने लागत १६

विप्रेषण पठाउँदा लाग्ने लागत १८

**परिच्छेद चार : निःशुल्क भिसा र टिकट प्रावधानले पारेको प्रभाव** **२१**

रोजगारीमा जाने प्रवृत्ति २१

निःशुल्क भिसा र टिकट प्रावधानको कामदारको मागमा प्रभाव २२

निःशुल्क भिसा र टिकट प्रावधानको विप्रेषण आप्रवाहमा प्रभाव २३

स्थलगत सर्वेक्षणको नतिजा २४

गन्तव्य मुलुक र कामको प्रकृति २५

वैदेशिक रोजगारमा जाने माध्यम २८

वैदेशिक रोजगारीका लागि प्रतिस्पर्धी देशहरु ३०

निःशुल्क भिसा र टिकटको प्रावधान : जानकारी तथा उपयोग ३१

कामदारको लागतमा प्रभाव ३४
कामदारको मागमा पर्ने प्रभाव सम्बन्धी धारणा ३५
आम्दानीमा पर्ने प्रभाव सम्बन्धमा वैदेशिक रोजगारीमा जानेको धारणा ३७
विप्रेषण आप्रवाहमा पर्ने प्रभाव सम्बन्धमा वैदेशिक रोजगारीमा जानेको धारणा ३८
निःशुल्क भिसा र टिकटको प्रावधानको कार्यान्वयनमा देखिएका समस्याहरु ३८
वैदेशिक रोजगार व्यवसायीसँग सम्बन्धित समस्या ३८
कामदारसँग सम्बन्धित समस्या ३९
वैदेशिक रोजगारसँग सम्बन्धित सरकारी निकायमा रहेका समस्या ४०
निःशुल्क भिसा र टिकटको प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि सर्वेक्षणबाट प्राप्त सुझाव ४१
**परिच्छेद पाँच : निष्कर्ष र सुझाव ४२**
निष्कर्ष ४२
सुझाव ४३
**सन्दर्भ सुची ४७**
**अनुसूचीहरू ४९**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका २.१ | नमूना संख्या | ६ |
| तालिका २.२ | वैदेशिक रोजगार व्यवसायीबाट प्रश्नावली सर्वेक्षणका लागि नमूना छनौट | ७ |
| तालिका ३.१ | प्राप्त गरेको विप्रेषण आप्रवाहको हिस्सा प्रतिशतमा | १० |
| तालिका ३.२ | विप्रेषण पठाउँदा लाग्ने लागत | २० |
| तालिका ४.१ | कामदारको मागको अवस्था | २३ |
| तालिका ४.२ | विप्रेषण आप्रवाहको अवस्था | २४ |
| तालिका ४.३ | सर्वेक्षणमा सहभागीको गन्तव्य देश | २५ |
| तालिका ४.४ | सर्वेक्षणमा सहभागीको गन्तव्य देश र कामको प्रकृति | २६ |
| तालिका ४.५ | कामको आधारमा वैदेशिक रोजगार व्यवसायीले पठाउने कामदार | २७ |
| तालिका ४.६ | वैदेशिक रोजगार व्यवसायीको देशगत संलग्नताको संख्या | २७ |
| तालिका ४.७ | वैदेशिक रोजगार व्यवसायीको देशगत संलग्नता | २८ |
| तालिका ४.८ | वैदेशिक रोजगारीको गन्तव्य मुलुक र जाने माध्यम | २८ |
| तालिका ४.९ | कामदारहरुको विदेश जाने आवृति | २९ |
| तालिका ४.१० | विदेशबाट कामदारको माग प्राप्त गर्ने तरिका | ३० |
| तालिका ४.११ | कामका लागि नेपालका प्रतिस्पर्धी देशहरु | ३० |
| तालिका ४.१२ | निःशुल्क भिसा र टिकटको प्रावधानको जानकारीको अवस्था | ३१ |
| तालिका ४.१३ | निःशुल्क भिसा र टिकटको व्यवस्था अन्तर्गत विदेशिएको अवस्था | ३२ |
| तालिका ४.१४ | वैदेशिक रोजगारीमा जाँदा लाग्ने लागतको अवस्था | ३२ |
| तालिका ४.१५ | सरकारले तोकेको न्यूनतम शुल्कको पालनाको अवस्था | ३३ |
| तालिका ४.१६ | निःशुल्क भिसा र टिकटको प्रावधानको पालना नहुनुको कारण | ३३ |
| तालिका ४.१७ | निःशुल्क भिसा र टिकटको प्रावधानको लागतमा प्रभाव | ३४ |
| तालिका ४.१८ | कामको प्रकृति र देश अनुसार लाग्ने औसत खर्च | ३५ |
| तालिका ४.१९ | निःशुल्क भिसा र टिकट प्रावधानले कामदारको मागमा पर्ने प्रभाव | ३५ |
| तालिका ४.२० | निःशुल्क भिसा र टिकटका कारण विदेश जाने कामदारको संख्यामा परेको प्रभाव (वैदेशिक रोजगार व्यवसायीका अनुसार) | ३६ |
| तालिका ४.२१ | निःशुल्क भिसा र टिकटका कारण विदेश जाने कामदारको संख्यामा परेको प्रभाव (वैदेशिक रोजगार व्यवसायीबाट उपलब्ध तथ्याङ्क अनुसार) | ३६ |
| तालिका ४.२२ | निशुल्क भिसा र टिकट प्रावधानले तलवमा पार्न सक्ने प्रभाव | ३७ |
| तालिका ४.२३ | निःशुल्क भिसा र टिकट प्रावधानले कामदारको आम्दानीमा परेको प्रभाव | ३७ |
| तालिका ४.२४ | निःशुल्क भिसा र टिकट प्रावधानको विप्रेषण आप्रवाहमा पर्न सक्ने प्रभाव | ३८ |

# चार्टहरूको सूची


| | | |
|---|---|---|
| चार्ट ३.१ | विदेश जाने श्रम स्वीकृति लिएका कामदारको संख्या | ११ |
| चार्ट ३.२ | विप्रेषण आप्रवाहको अवस्था | १२ |
| चार्ट ३.३ | नेपालले निःशुल्क भिसा र टिकट लागू गरेका देशमा जाने अन्य देशका कामदारको हिस्सा | १३ |
| चार्ट ३.४ | वैदेशिक रोजगारीमा जाने कामदारको तुलना | १३ |
| चार्ट ३.५ | विप्रेषण आप्रवाहमा हिस्सा | १४ |
| चार्ट ३.६ | विप्रेषण आप्रवाह | १४ |
| चार्ट ३.७ | वैदेशिक रोजगारीको प्रक्रिया | १६ |
| चार्ट ४.१ | निःशुल्क भिसा र टिकटको प्रावधान लागू भएका देशमा जाने प्रवृत्ति | २२ |
| चार्ट ४.२ | नेपालले प्राप्त गर्ने विप्रेषण आप्रवाहमा देशगत हिस्सा | २४ |


# बक्सहरूको सूची


| | | |
|---|---|---|
| बक्स १.१ | निःशुल्क भिसा तथा टिकट प्रावधान | ३ |
| बक्स ३.१ | वैदेशिक रोजगारीमा जाने प्रक्रिया | १७ |
| बक्स ३.२ | वैदेशिक रोजगारीमा जाँदा लाग्ने लागत | १८ |

# कार्यकारी सारांश

१. वैदेशिक रोजगारमा जाने नेपालीहरुको हित संरक्षण गर्ने उद्देश्य राखी श्रम तथा रोजगार मन्त्रालयले २०७२ जेठ २६ गतेदेखि सात राष्ट्रहरुः मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब ईमिरेट्स, कुवेत, बहराईन र ओमानमा रोजगारी गर्न जाने कामदारको लागि रोजगारदाता कम्पनीले भिसा र आतेजाते हवाई टिकट वापत लाग्ने खर्च व्यहोर्नु पर्ने प्रावधान लागू गऱ्यो । सरकारको वैदेशिक रोजगार सम्बन्धी यस व्यवस्थालाई **निःशुल्क भिसा तथा टिकट (Free Visa and Free Ticket)** प्रावधान भनिन्छ ।

२. यो प्रावधानका कारण एकातिर वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च न्यूनीकरण भई विपन्न वर्गका कामदारहरुको पहुँच विस्तार हुने देखिन्छ भने अर्कोतिर, एजेन्टमार्फत् विदेशबाट भइरहेको कामदारको माग अन्य प्रतिस्पर्धी देशतर्फ मोडिन गई यो प्रावधान लागू गरिएका देशहरुमा जाने कामदारको संख्यामा कमी हुन सक्ने देखिन्छ । यस परिप्रेक्ष्यमा (क) वैदेशिक रोजगारी एवम् विप्रेषण आप्रवाहको वर्तमान अवस्थाको मूल्याङ्कन, (ख) वैदेशिक रोजगारी एवम् विप्रेषण आप्रवाहमा यो प्रावधानको प्रभावको आँकलन र (ग) वैदेशिक रोजगारी एवम् विप्रेषण आप्रवाहमा पर्ने प्रभावका सम्बन्धमा नीतिगत सुझावहरु पेश गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो ।

३. यो अध्ययन कामदार, वैदेशिक राजगार व्यवसायी, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट समेत सूचना संकलन गरी सम्पन्न गरिएको छ । प्रश्नावली सर्वेक्षणका लागि सञ्चालनमा रहेका ७५४ वैदेशिक रोजगार व्यवसायी कम्पनीहरु (मेनपावर कम्पनी) मध्ये ५४ वटा (करिब ७.२ प्रतिशत) र वैदेशिक रोजगारीका लागि जाँदै गरेका ३१३ व्यक्तिहरुबाट सूचना संकलन गरिएको छ ।

४. अधिकांश कामदारहरु माथि उल्लिखित सात देशहरुमा कामको लागि गएका छन् । ती मध्ये अधिकांश मलेसिया, कतार, साउदी अरेविया र संयुक्त अरब इमिरेट्समा केन्द्रित छन् । आर्थिक वर्ष २०५०/५१ मा ३६०५ कामदार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएकोमा यस्तो संख्या आर्थिक वर्ष २०७३/७४ मा ३ लाख ९८ हजार पुगेको छ । यी मध्ये आर्थिक वर्ष २०५०/५१ मा ९१.८ प्रतिशत (३३०८ जना) निःशुल्क भिसा तथा टिकट लागू भएका देश गएका थिए भने यस्तो संख्या आर्थिक वर्ष २०७३/७४ मा ९४.९ प्रतिशत (३ लाख ७९ हजार) रहेको थियो । नेपालले प्राप्त गर्ने कुल विप्रेषण आप्रवाहमा निःशुल्क भिसा र टिकट प्रावधान लागू भएका देशबाट प्राप्त भएको विप्रेषण आप्रवाहको हिस्सा करिब ७० प्रतिशत रहेको छ ।

५. विप्रेषण पठाउने लागत देश अनुसार फरक-फरक रहेको छ । तुलनात्मक रुपमा खाडी मुलुकहरु भन्दा मलेसियाबाट विप्रेषण पठाउन कम लागत लाग्ने गरेको देखिन्छ । कतार र संयुक्त अरब इमिरेट्सबाट नेपालमा विप्रेषण पठाउन अन्य सार्क मुलुकहरुबाट भन्दा बढी खर्च लाग्ने गरेको देखिन्छ ।

६. प्रश्नावली सर्वेक्षणमा सहभागी वैदेशिक रोजगारीमा गएकामध्ये मेनपावर कम्पनीमार्फत् ८१.४ प्रतिशत, एजेन्टमार्फत् ७.४ प्रतिशत, साथीभाई वा आफन्तमार्फत् ५.१ प्रतिशत र अन्य माध्यमबाट ६.१ प्रतिशत विदेश गएको देखिन्छ । वैदेशिक रोजगारीका लागि एकै व्यक्ति तेह्रौ पटक समेत विदेश गएको देखिन्छ ।

७. अधिकांश मेनपावर कम्पनीहरुले सिधै रोजगारदाता कम्पनीबाट रोजगारीको माग ल्याउने गरेको स्थलगत सर्वेक्षणले देखाएको छ । केही रोजगारीको माग भने विदेशी एजेन्ट र रोजगारदाता कम्पनीका उच्च तहका व्यक्तिलाई कमिशन तिरेर ल्याउने गरेको देखिन्छ ।

८. वैदेशिक रोजगार कम्पनीमार्फत् विदेश गएका ८३.९ प्रतिशत कामदारलाई निःशुल्क भिसा र टिकटको व्यवस्थाका बारेमा जानकारी रहेको देखिन्छ भने यो व्यवस्था अनुसार ८२.३ प्रतिशत कामदार वैदेशिक रोजगारीमा गएको देखिन्छ । तर, वैदेशिक रोजगार कम्पनीबाट रोजगारीका लागि विदेशिनेहरुमध्ये ३५.८ प्रतिशत कामदारले मात्र सरकारले तोकेको न्यूनतम शुल्कको सुविधा पाएको सर्वेक्षणले देखाएको छ । वैदेशिक रोजगारीमा जाने कामदारको संख्याको २७.८ प्रतिशतले वैदेशिक रोजगार कम्पनीलाई रु. ५० हजार भन्दा बढी रकम बुझाउने गरेको देखिन्छ ।

९. सर्वेक्षण अनुसार वैदेशिक रोजगारीमा जाने लागत यो प्रावधान लागू भएपछि केही घटेतापनि अझै उच्च रहेको छ । एकतिहाई भन्दा बढी कामदारहरु रु. ५० हजार भन्दा बढी खर्च गरी वैदेशिक रोजगारीमा जाने गरेका छन् । केवल १५ प्रतिशत मात्र रु. १० हजारसम्मको कुल खर्चमा वैदेशिक रोजगारीमा जान सकेका छन् । भारत, पाकिस्तान र श्रीलंका भन्दा औसतमा नेपालवाट वैदेशिक रोजगारीको लागत बढी छ ।

१०. निःशुल्क भिसा र टिकटको व्यवस्था लागू हुनुपूर्व प्रति कामदार औसत कुल लागत रु. ८६ हजार रहेकोमा यो व्यवस्था लागू भएपछि रु. ५१ हजारमा झरेको छ । त्यसैगरी, यो व्यवस्था लागू भएपछि वैदेशिक रोजगार कम्पनीलाई तिरेको रकम औसतमा रु. ८१ हजारबाट रु. ४४ हजारमा झरेको छ ।

११. सर्वेक्षणबाट प्राप्त जानकारी अनुसार निशुल्क भिसा र टिकटको प्रावधान प्रभावकारी ढंगबाट कार्यान्वयन हुन नसक्नुमा बढी रकम नतिरी मेनपावर कम्पनीले नपठाउने, एक व्यक्ति नगए अर्को व्यक्तिले बढी तिरेर जाने, बढी रकम तिरेपनि रु. १० हजारको मात्र

बील दिने, निःशुल्क भिसा र टिकटको बारेमा जानकारी नहुने लगायतका कारणहरु प्रमुख रहेका छन् ।

१२. निशुल्क भिसा र टिकटको व्यवस्थापछि पनि कामदारको मागमा वृद्धि भएको देखिन्छ । तर, वैदेशिक रोजगारीमा जानेको संख्यामा कमी आएको छ । वैदेशिक रोजगारीमा जाने संख्यामा कमी आउनुमा आपूर्ति पक्ष जिम्मेवार रहेको देखिन्छ । तथापि, निःशुल्क भिसा तथा टिकटको व्यवस्था पछि पनि करिब एक तिहाई कम्पनीहरुबाट वैदेशिक रोजगारीमा जाने संख्या बढेको स्थलगत सर्वेक्षणले देखाएको छ ।

१३. निःशुल्क भिसा र टिकटको प्रावधानको कार्यान्वयनमा विभिन्न समस्या रहेका छन् । यस प्रावधानले गर्दा उच्च आम्दानी हुने रोजगारको माग ल्याउन वैदेशिक रोजगारी व्यवसायीहरु उत्प्रेरित हुन सकेका छैनन् । साथै, यस प्रावधान अन्तर्गत जाने कामदारहरुले बीचमा काम छाड्ने कारणले मर्का पर्ने गरेको वैदेशिक रोजगार व्यवसायीहरुको गुनासो रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदाहरुको तर्फबाट हेर्दा अझैपनि वैदेशिक रोजगारीमा जाने लागत उच्च रहेको, दुई किसिमको सम्झौता हुने गरेको र यो प्रावधान बारे पर्याप्त जानकारी उपलब्ध हुन नसकेको समस्याहरु प्रमुख रहेका छन् ।

१४. निःशुल्क भिसा र टिकटको प्रभावकारी कार्यान्वयन गर्न उक्त व्यवस्था लागू भएका सात देशहरुसँग श्रम सम्झौता (निःशुल्क भिसा तथा टिकट लागू) गर्ने, उच्च आम्दानी हुने रोजगारमा रोजगारदाता कम्पनीले निःशुल्क भिसा र टिकट नदिएमा सो शुल्क लिन पाउने व्यवस्था मिलाउने तथा वैदेशिक रोजगार व्यवसायीहरुको कारोबारको नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

१५. वैदेशिक रोजगार व्यवसायलाई अझ सुदृढ बनाउन देशगत तथा कामको आधारमा विविधिकरण गर्ने, संस्थागत माध्यमबाट विदेश जान जोड दिने, कामका लागि विदेश जाने र फर्कनेको अभिलेख सफ्टवेयर तथा मोवाइल एप्लिकेशनमा राख्ने, आम सर्वसाधारण जनतासँग सरोकार राख्ने वैदेशिक रोजगार व्यवसायको सुशासनमा जोड दिन वैदेशिक रोजगार कम्पनीले सूचनाको प्रवाह गर्नुपर्ने, संगठनात्मक स्वरुपको विकास गर्नुपर्ने, यस्ता कम्पनीहरुको रेटिङ्ग (Rating) को व्यवस्था गर्ने, सम्झौतामा उल्लेख भएअनुसार तलब सुविधा प्राप्त नभए वैदेशिक रोजगार कम्पनीबाट क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्ने तथा वैदेशिक रोजगारीका लागि क्रमशः पब्लिक कम्पनीको संलग्नता गराउँदै लैजाने, आफ्नो उत्तरदायित्वको सम्बन्धमा कामदार र व्यवसायी दुबैलाई जिम्मेवार बनाउने, रोजगार सम्बन्धी मापदण्ड बनाउने तथा कामदार रहेका देशसँग यो प्रावधान लागू गर्न श्रम सम्झौता गर्ने तथा विप्रेषण पठाउँदाको शुल्क कम गर्ने रणनीति अवलम्बन गर्नु आवश्यक देखिन्छ ।

# परिच्छेद एक
# परिचय

## पृष्ठभूमि

१.१ विश्वव्यापीकरण र उदारीकरणसँगै विगत दुई दशकमा नेपालबाट कामको लागि वैदेशिक रोजगारमा जानेको संख्यामा उल्लेख्य वृद्धि भएको छ । वैदेशिक रोजगारीले जनताको जीवनस्तर उकास्न, बेरोजगारी र गरिबी न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सन् १९८० को दशकको उदारीकरणसँगै कामको लागि तेस्रो मुलुक जानेको संख्यामा वृद्धि हुन थाल्यो । यससँगै वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने कार्य अपरिहार्य बन्न पुग्यो ।

१.२ वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने कार्य सातौं पञ्चबर्षीय योजनाबाट भएको देखिन्छ । यस सिलसिलामा वि.सं. २०४२ मा वैदेशिक रोजगार ऐन जारी भयो । आठौँ योजना (२०४९-५४) देखि वैदेशिक रोजगारीका लागि गन्तव्य मुलुकहरूको खोजीलाई महत्व दिन थालियो । उदारीकरण नीतिपश्चात् विभिन्न मुलुकबाट कामदारको माग वृद्धि भएको कारण वैदेशिक रोजगारीमा जाने क्रम तीव्र बन्यो । यसै क्रममा वि.सं. २०५६ मा राष्ट्रिय श्रम नीति र वि.सं. २०६४ मा वैदेशिक रोजगार ऐन तथा वैदेशिक रोजगार नीति जारी गरियो । उद्योग मन्त्रालयको मातहतमा रहने गरी वि.सं. २०२८ मा श्रम विभाग (पछि वि.सं. २०५६ मा श्रम तथा रोजगार प्रवर्द्धन विभाग नामाकरण), २०३८ मा श्रम मन्त्रालय तथा पछि वि.सं. २०६५ मा वैदेशिक रोजगार विभाग स्थापना गरियो ।[१] वैदेशिक रोजगार ऐन २०६४ अनुसार वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन हुनुका साथै नेपाली कामदार रहेका प्रमुख मुलुकहरुमा श्रम सहचारी राख्ने व्यवस्था गरियो । यसका अतिरिक्त वैदेशिक रोजगारमा जान चाहने कामदारलाई परामर्श तथा सूचना उपलब्ध गराउन वि.सं. २०६६ फागुनमा वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको मातहत रहने गरी आप्रवासी स्रोत केन्द्रको स्थापना भयो ।[२] आप्रवासन श्रम सम्बन्धी सम्झौताका लागि ५ देशहरु संयुक्त अरब ईमिरेट्स, कतार, जापान, दक्षिण कोरिया र बहराईनसँग सहमति भएको छ (आर्थिक सर्वेक्षण, २०७३/७४) ।

१.३ वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा बढोत्तरी भएसँगै नेपाल विप्रेषण प्राप्त गर्ने मुलुकहरुको अग्रपंक्तिमा पुगेको छ । विश्व बैंकको Migration and Remittances Factbook

---

१ http://www.dofe.gov.np/new/uploads/article/year2070-71.pdf

२ http://fepb.gov.np/content.php?id=1009

2016 अनुसार सन् २०१४ मा विप्रेषण प्राप्त गर्ने मुलुकको सूचीमा भारत पहिलो (अमेरिकी डलर ७२.२ अर्ब) र नेपाल २३ औं (अमेरिकी डलर ६.६ अर्ब) स्थानमा रहेको थियो । विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातका आधारमा ताजकिस्तान पहिलो (४१.७ प्रतिशत) र नेपाल तेस्रो (२९.२ प्रतिशत) स्थानमा रहेको छ ।

१.४ नेपाल जीवनस्तर सर्वेक्षण २०११ अनुसार ५६ प्रतिशत नेपाली घर परिवारले विप्रेषण प्राप्त गर्दछन् । आर्थिक वर्ष २०७३/७४ मा देशले प्राप्त गरेको कुल विदेशी मुद्रामा विप्रेषण आप्रवाह मात्रको हिस्सा करिब ५४ प्रतिशत छ । यसले गर्दा नेपालको समग्र वाह्य क्षेत्र सुदृढ रहेको छ । देशको कुल गार्हस्थ्य बचत न्यून रहेपनि विप्रेषण आप्रवाहका कारण कुल राष्ट्रिय बचत उच्च रहेको छ । नेपाल राष्ट्र बैंक (२०७३) अनुसार विदेशमा काम गर्ने नेपालीले वार्षिक औसत रु. ५ लाख ३२ हजार विप्रेषण पठाउने गरेका छन् । फलस्वरुप गरिबी तथा बेरोजगारीमा कमी, शिक्षा, स्वास्थ्यमा सुधार लगायत समग्र आर्थिक गतिविधि चलायमान भएको छ । नेपालको विप्रेषण आप्रवाहमाथिको निर्भरता समेत बढ्दै गएको देखिन्छ ।

१.५ वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०५०/५१ मा ३६०५ नेपालीले वैदेशिक रोजगारीका लागि स्वीकृति लिएकोमा यो क्रमशः वृद्धि हुँदै आर्थिक वर्ष २०७२/७३ मा ४,१८,७१३ जनाले स्वीकृति लिएको देखिन्छ । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०७३/७४ सम्ममा रोजगारीका लागि १०८ मुलुकमा जान श्रम स्वीकृति प्रदान गर्न सकिने व्यवस्था रहेको देखिन्छ (११० मध्ये इराक र लिबिया जान रोक लगाइएको) भने २०७४ असारसम्ममा करिब एक हजारको हाराहारीमा मेनपावर कम्पनीहरूले इजाजत लिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका छन् ।

१.६ केन्द्रीय तथ्याङ्क विभागको National Population and Housing Census 2011 का आधारमा हेर्दा नेपालमा प्रतिवर्ष करिब ४ लाख युवाहरु श्रम बजारमा प्रवेश गर्दछन् । तर, आन्तरिक रुपमा थोरैले मात्र रोजगारी पाउँछन् । तसर्थ, नेपाली युवाहरुको लागि वैदेशिक रोजगारीमा जानुको विकल्प तत्काललाई उपलब्ध देखिदैन ।

१.७ लामो समयसम्म नेपाली अर्थतन्त्र न्यून आर्थिक वृद्धिदर र अपर्याप्त रोजगारी सृजनाबाट गुज्रिरहेको छ । वैदेशिक रोजगारी प्रवर्द्धन गर्न नेपालमा विभिन्न संस्थागत व्यवस्था गरिएको छ । सरकारी निकायको रुपमा वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड रहेका छन् । वैदेशिक रोजगार विभागले श्रम स्वीकृति दिने, वैदेशिक रोजगार व्यवसाय संचालनको लागि इजाजत प्रदान गर्ने र तिनीहरुको नियमन गर्ने कार्य गर्दछ । वैदेशिक

रोजगार प्रवर्द्धन वोर्डले भने वैदशिक रोजगारका लागि गन्तव्य मुलुकहरुको खोजी गर्ने, कामदारहरुलाई क्षतिपूर्ति प्रदान गर्ने, वैदेशिक रोजगार सम्बन्धमा सचेतनामूलक कार्यक्रम गर्ने र कल्याणकारी कार्य सञ्चालन गर्ने गरेको छ । यी दुई मुख्य संस्था बाहेक वैदेशिक रोजगारीका सन्दर्भमा विदेशस्थित नेपाली दूतावासहरु, वैदेशिक रोजगार कम्पनी, स्वास्थ्य परिक्षण गर्ने संस्थाहरु, बीमा कम्पनीहरु, अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरु र गन्तव्य मुलुकका नेपालस्थित दूतावासहरु पनि संलग्न रहने गरेका छन् ।

**बक्स १.१**
**नि:शुल्क भिसा तथा टिकट प्रावधान**

नि:शुल्क भिसा तथा टिकट (Free Visa and Free Ticket) ले निम्न पक्षलाई समेटेको छ ।

(क) मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब ईमिरेट्स, कुवेत, बहराईन र ओमान जाने कामदारका लागि लागू हुने ।

(ख) रोजगारदाता कम्पनीले भिसा र आतेजाते हवाई टिकट वापत लाग्ने खर्च व्यहोर्ने तथा कामदारको तलबबाट कुनै खर्च कटाउन नपाउने ।

(ग) रोजगारदाता कम्पनीले सेवा शुल्क वापतको रकम वैदेशिक रोजगार कम्पनीलाई दिनुपर्ने तर सो सेवा शुल्क नदिएमा रु. १० हजारसम्म कामदारबाट लिन सक्ने ।

१.८ गन्तव्य अनुसार अधिकांश न्यून आयस्रोत भएका कामदार भारत, मध्यम आय वर्गका कामदार मलेसिया तथा खाडी मुलुक र उच्च आयस्रोत भएका कामदार अन्य उच्च आय प्राप्त हुने देशतर्फ केन्द्रित रहेको देखिन्छ । वैदेशिक रोजगारीलाई मर्यादित बनाई वैदेशिक रोजगारमा जाने कामदारको हित संरक्षण गर्ने उद्देश्यले श्रम तथा रोजगार मन्त्रालयले मिति २०७२ जेठ २६ गतेदेखि सात राष्ट्रहरुः मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब ईमिरेट्स, कुवेत, बहराईन र ओमानमा रोजगारीमा जाने कामदारको लागि रोजगारदाता कम्पनीले भिसा र आतेजाते हवाई टिकट बापत लाग्ने खर्च व्यहोर्ने साथै कामदारको तलबबाट अन्य कुनै खर्च नकटाउने शर्तमा नेपाली कामदार पठाउन श्रम स्वीकृति दिने व्यवस्था गरेको छ । सरकारको वैदेशिक रोजगार सम्बन्धी यस व्यवस्थालाई नि:शुल्क भिसा तथा टिकट (Free Visa and Free Ticket) को प्रावधान भनिन्छ (बक्स १.१) । यसबाट वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्चमा कमी आई विपन्न वर्गका कामदारहरुको पहुँच वृद्धि हुने र रोजगारीमा जाँदा लागेको ऋण लामो समयसम्म भुक्तानी गर्नुपर्ने अवस्था हट्ने अपेक्षा रहेको छ ।

## समस्याको पहिचान

१.९ नेपालको वैदेशिक रोजगारीमा यस व्यवस्थाको प्रभावका सम्बन्धमा विभिन्न तर्कहरु आउने गरेका छन् । एकातर्फ यस व्यवस्थाबाट वैदेशिक रोजगारीमा जाने कामदारको खर्च कम हुने हुँदा विपन्न वर्गका कामदारहरुको पहुँच वृद्धि भई विप्रेषण आप्रवाह बढ्ने र अर्कोतर्फ,

विदेशबाट एजेन्टमार्फत् हुने कामदारको माग यो प्रावधान लागू नभएको देशमा आकर्षित भई नेपाली कामदारको माग कम हुन सक्ने तर्कहरु रहेका छन् ।

१.१० वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्या र उनीहरुले प्राप्त गर्ने सेवा तथा सुविधाले नेपालमा पठाउने विप्रेषण आप्रवाहलाई प्रभाव पार्दछ । निःशुल्क भिसा र टिकटको प्रावधान लागू भएका सात मुलुकहरुमा जाने कामदारको हिस्सा करिब ९५ प्रतिशत रहेको छ । यस परिप्रेक्ष्यमा निःशुल्क टिकट र भिसाको प्रावधानले वैदेशिक रोजगारी र विप्रेषणमा पर्ने प्रभावको अध्ययन सान्दर्भिक देखिन्छ ।

## अध्ययनको उद्देश्य

१.११ यस अध्ययनमा निःशुल्क भिसा र टिकटको प्रावधानबाट वैदेशिक रोजगारी र विप्रेषण आप्रवाहमा पर्ने प्रभाव विश्लेषण गरिएको छ । अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) वैदेशिक रोजगारी एवम् विप्रेषण आप्रवाहको वर्तमान अवस्थाको मूल्याङ्कन गर्ने ।

(ख) निःशुल्क भिसा र टिकटको प्रावधानले वैदेशिक रोजगारी एवम् विप्रेषण आप्रवाहमा पारेको प्रभावको आँकलन गर्ने ।

(ग) वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन सुझावहरु पेश गर्ने ।

## अध्ययनको सीमा

१.१२ यस अध्ययनका निम्नानुसारका सीमा रहेका छन् ।

(क) नमूनाको आकार सानो रहेको छ ।

(ख) प्राथमिक तथ्याङ्क विश्लेषणका लागि विदेश जाँदै गरेका व्यक्ति र वैदेशिक रोजगार व्यवसायीबाट प्राप्त सूचनामा आधारित छ ।

(ग) गन्तव्य मुलुकको रोजगार सम्बन्धी विद्यमान नियम र कानूनलाई यस अध्ययनमा समेटिएको छैन ।

(घ) विगतको समेत तथ्याङ्क संकलन गर्दा Recall Bias हुने सम्भावना रहेको छ ।

## प्रतिवेदनको ढाँचा

१.१३ यो अध्ययन प्रतिवेदनलाई ५ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा पृष्ठभूमि, अध्ययनको औचित्य र उद्देश्यलाई प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा अध्ययन विधि, नमूना छनौट तथा तथ्याङ्क विश्लेषणलाई प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारी तथा

विप्रेषण आप्रवाहको अवस्था तथा यसको सार्क मुलुकहरुसँगको तुलनात्मक अवस्थालाई तेस्रो परिच्छेदमा प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा निःशुल्क भिसा र टिकट प्रावधानले पारेको प्रभावलाई द्वितीयक तथ्याङ्क र स्थलगत सर्वेक्षणको आधारमा विश्लेषण गरिएको छ । अन्तमा, पाँचौ परिच्छेदमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई
# अध्ययन विधि

२.१ समस्या पहिचान तथा प्रभाव आँकलनमा केन्द्रित रहेको हुनाले यो अध्ययन अन्वेषणात्मक (Exploratory) एवम् व्याख्यात्मक (Descriptive) प्रकृतिको छ । अध्ययनका लागि सूचना तथा तथ्याङ्क संकलन गर्न विभिन्न समूहबाट नमूना छनौट, प्रश्नावली सर्वेक्षण एवम् छलफलका माध्यमहरू अपनाइएको छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुबै स्रोतबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ। प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ।

## प्राथमिक तथ्याङ्क तथा नमूना छनौट

२.२ प्राथमिक स्रोततर्फ, स्थलगत रुपमा श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार व्यवसायीसँग उपलब्ध हुने सूचना तथा जानकारीहरु र वैदेशिक रोजगारमा जाँदै गरेका व्यक्तिहरुसँग प्रश्नावली तथा अन्तरक्रियाको माध्यमबाट प्राप्त विवरण संकलन गरिएको छ । प्रश्नावलीका अतिरिक्त अध्ययनको विषयवस्तुमा केन्द्रित भई छलफलबाट समेत आवश्यक सूचनाहरु संकलन गरिएको छ। श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन वोर्डसँग समेत छलफल गरी आवश्यक सूचना संकलन गरिएको छ।

**तालिका २.१**
**नमूना संख्या**

| क. स. | समूह | कुल सङ्ख्या |
|---|---|---|
| १ | वैदेशिक रोजगारीका लागि जाँदै गरेका | ३१३ |
| २ | वैदेशिक रोजगार व्यवसायी | ५४ |
| ३ | श्रम मन्त्रालय वैदेशिक रोजगार विभाग<br>वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड | २ |
| **कुल नमूना संख्या** | | **३६९** |

## वैदेशिक रोजगार व्यवसायीसँग सम्बन्धित तथ्याङ्क

२.३ वैदेशिक रोजगार व्यवसायीबाट प्रश्नावली सर्वेक्षणको लागि रोजगारीमा पठाउने व्यक्तिको संख्याका आधारमा वर्ग (Strata) तयार गरी Stratafied Random Sampling र सो पछि Random Sampling विधिबाट नमूना छनौट गरिएको छ । आर्थिक वर्ष २०७०/७१ मा

संस्थागत माध्यमबाट कामका लागि विदेश गएका कामदारको तथ्याङ्कको आधारमा ५०० भन्दा बढी कामदार पठाउने कम्पनीलाई पहिलो (२६५ कम्पनी) र सो भन्दा कम कामदार पठाउने कम्पनीलाई दोस्रो समूह (४७९ कम्पनी) मा राखिएको छ ।

**तालिका २.२**

**वैदेशिक रोजगार व्यवसायीबाट प्रश्नावली सर्वेक्षणका लागि नमूना छनौट**

| क.सं. | विवरण | वैदेशक रोजगार कम्पनी | | छनौट भएका नमूना | | |
|---|---|---|---|---|---|---|
| | | कुल कम्पनीको संख्या | विदेश पठाएका कामदारमा हिस्सा | कम्पनीको संख्या | कुल नमूना छनौटमा हिस्सा | छनौट भएका नमूनाबाट विदेश पठाएका कामदारमा हिस्सा |
| १ | **५०० भन्दा बढी कामदार पठाउने** | २६५ | ७५.० | ३८ | ७०.४ | ९४.४ |
| क | मुख्य २० कम्पनी | २० | २१.० | १० | १८.५ | ६१.१ |
| ख | बाँकी कम्पनी | २४५ | ५४.० | २८ | ५१.९ | ३३.३ |
| २ | **५०० भन्दा कम कामदार पठाउने कम्पनी** | ४७९ | २५.० | १४ | २५.९ | ५.६ |
| ३ | **नयाँ कम्पनी** | - | - | २ | ३.७ | - |
| | **जम्मा** | ७४४ | १००.० | ५४ | १००.० | १००.० |

२.४ पहिलो समूहका कम्पनीलाई पुनः दुई समूहमा विभाजन गरी सबैभन्दा बढी कामदार पठाउने २० कम्पनीलाई पहिलो समूह र बाँकीलाई दोस्रो समूहमा राखिएको छ । विदेश गएका कामदारमा यी २६५ कम्पनीको हिस्सा ७५ प्रतिशत र ४७९ को २५ प्रतिशत रहेको छ । पहिलो समूहका २६५ मध्ये २० कम्पनी पहिलो उप-समूह र बाँकी २४५ लाई अर्को उप-समूहमा राखी सबैभन्दा बढी कामदार पठाउने २० कम्पनीबाट १० वटा नमूना र अर्को उप-समूहबाट २८ वटा नमूना लिइएको छ । यसरी यो समूहबाट ३८ कम्पनी छनौट गरिएको छ । कुल छनौट गरिएका नमूनामा यो समूहको हिस्सा ७० प्रतिशत रहेको देखिन्छ ।

२.५ वार्षिक ५०० भन्दा कम पठाउने कम्पनीको संख्या ४७९ रहेको तर पठाइएका कामदारमा यिनको हिस्सा करिब २५ प्रतिशत रहेकाले यी कम्पनीमध्ये १४ वटाबाट प्रश्नावली सर्वेक्षण गरिएको छ । यसरी छनौट भएका कम्पनीको हिस्सा २५.९ प्रतिशत रहेको छ भने दुईवटा नयाँ कम्पनीसँग समेत प्रश्नावली सर्वेक्षण गरिएको छ ।

२.६ यसरी २०७३ असार मसान्तमा सञ्चालनमा रहेका जम्मा ७५४ वैदेशिक रोजगार व्यवसायी कम्पनीहरुमध्ये ५४ वटा (करिब ७.२ प्रतिशत) बाट प्रश्नावली सर्वेक्षणको कार्य गरिएको छ । छनौट गरिएका ७ प्रतिशत वैदेशिक रोजगार व्यवसायीले पठाउने कामदारको हिस्सा करिब १७ प्रतिशत रहेको देखिन्छ ।

**कामदारसँग सम्बन्धित तथ्याङ्क**

२.७ वैदेशिक रोजगारीमा जाँदै गरेका ३१३ नमूनाको छनौट Confidence Interval Approach विधिद्वारा निम्न सुत्र प्रयोग गरी निर्धारण गरिएको छ ।

$$n = \frac{z^2 pq}{e^2} \quad \text{(Statistics Canada, 2010)}$$

n = sample size, z = standard error associated with the chosen level of significance = 1.96 (for 5% level of significance),

p = estimated variability in the population (in our case, 'p' represents the proportion of people going abroad for employment in total population of Nepal)

q = (1-p) and e = acceptable error = 1.5 % (Assumed)

२.८ नेपालबाट कामका लागि विदेश जाने व्यक्तिको संख्या आर्थिक वर्ष २०७२/७३ मा ४१८७१३ रहेको थियो । कुल जनसंख्या २ करोड ८४ लाखमा यस्तो संख्या १.५ प्रतिशत हुन आउँछ । जसअनुसार p को मान ०.०१५ हुन आउँछ ।

$$n = \frac{(१.९६)^२ \times (०.०१५) \times (१-०.०१५)}{(०.०१५)^२} = २५२$$

जस अनुसार न्यूनतम २५२ व्यक्तिलाई प्रश्नावली भराउन पर्ने भएपनि विदेश जाँदै गरेका त्यो भन्दा बढी ३१३ व्यक्तिबाट प्रश्नावली भर्ने भराउने कार्य गरिएको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारहरुबाट २०७३ पुसदेखि २०७३ चैतसम्ममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कम्पनीमा प्रश्नावली सर्वेक्षण गरिएको थियो ।

**द्वितीयक तथ्याङ्क**

२.९ अध्ययनका लागि द्वितीयक तथ्याङ्कको रुपमा नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम संगठन तथा गन्तव्य मुलुकका सूचना, तथ्याङ्क तथा प्रकाशन आदिलाई प्रयोग गरिएको छ ।

## तथ्याङ्क विश्लेषण

२.१० प्रश्नावली सर्वेक्षणमार्फत् विदेश जाने प्रवृत्तिमा निःशुल्क भिसा तथा टिकटको व्यवस्थाले कस्तो प्रभाव परेको छ भन्ने विषयमा जानकारी लिइएको छ । यो व्यवस्था लागू हुनुपूर्व र पछि विदेश जाने प्रवृत्तिलाई आधार मानी कस्तो असर पर्ला भन्ने विषयमा वैदेशिक रोजगार व्यवसायी, वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार विभागसँग जानकारी तथा सूचना संकलन गरिएको छ । प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा वैदेशिक रोजगारी तथा विप्रेषण आप्रवाहमा परेको प्रभाव विश्लेषण गरिएको छ ।

# परिच्छेद तीन
# वैदेशिक रोजगारी तथा विप्रेषण आप्रवाहको तुलनात्मक अवस्था

## विश्वमा वैदेशिक रोजगारी तथा विप्रेषणको अवस्था

३.१ सन् २०१३ मा विदेशी नागरिकको प्रमुख गन्तव्य मुलुकमा अमेरिका, साउदी अरेविया, जर्मनी, रसिया, संयुक्त अरब ईमिरेट्स लगायतका देश तथा उच्च संख्यामा विदेशमा बसोबास र रोजगारी गरिरहेका नागरिकको आधारमा भारत, मेक्सिको, रसिया, चीन, बंगलादेश, पाकिस्तान लगायतका देश रहेका थिए । त्यसैगरी, देशको जनसंख्यामा विदेशी नागरिकको हिस्सा उच्च हुने देशहरुमा कतार, संयुक्त अरब इमिरेट्स, अमेरिकन सोमाओ, सेन्ट मार्टिन, कुवेत लगायतका देश रहेका थिए (विश्व वैंक, २०१६) ।

३.२ सन् २०१४ मा उच्च मात्रामा विप्रेषण पठाउने मुलुकमा अमेरिका, साउदी अरेविया, रसिया, स्विजरल्याण्ड, जर्मनी, यु.ए.ई. लगायत तथा प्राप्त गर्नेमा भारत, चीन, फिलिपिन्स, मेक्सिको, फ्रान्स, नाईजेरिया, इजिप्ट, पाकिस्तान, बंगलादेश लगायतका देश रहेका छन् । कुल गार्हस्थ उत्पादनसँगको अनुपातको आधारमा उच्च विप्रेषण पठाउने मुलुकमा लग्जम्बर्ग, लाइवेरिया, मार्सल आइल्याण्ड, लेवनान, कुवेत लगायत तथा प्राप्त गर्ने मुलुकमा ताजकिस्तान, क्रिगिज रिपब्लिक, नेपाल, टोङ्गा, माल्दोभा लगायतका देश रहेका थिए (विश्व वैंक, २०१६) ।

३.३ सन् २०१५ मा विश्वभरमा ५८०.६ अर्ब अमेरिकी डलर विप्रेषण प्रवाह भएको थियो । विश्वले प्राप्त गरेको विप्रेषणमा दक्षिण एसियाली मुलुकको हिस्सा २०.२ प्रतिशत र नेपालको हिस्सा १.२ प्रतिशत रहेको देखिन्छ (तालिका ३.१) । दक्षिण एसियाली मुलुकले प्राप्त गरेको विप्रेषणमा नेपालको हिस्सा ५.७ प्रतिशत रहेको देखिन्छ (विश्व वैंक, २०१६) ।

**तालिका ३.१**

**प्राप्त गरेको विप्रेषण आप्रवाहको हिस्सा प्रतिशतमा (सन् २०१५)**


| विप्रेषण प्राप्त गर्ने देश | विश्वमा | दक्षिण एसियाली मलकमा |
|---|---|---|
| भारत | ११.९ | ५८.६ |
| पाकिस्तान | ३.३ | १६.४ |
| बंगलादेश | २.७ | १३.१ |
| श्रीलंका | १.२ | ५.९ |
| नेपाल | १.१ | ५.७ |
| कुल | २०.२ | ९९.७ |

*स्रोत : विश्व बैंक (२०१६)*

## नेपालमा वैदेशिक रोजगारी तथा विप्रेषण आप्रवाहको अवस्था

३.४ पछिल्ला वर्षहरुमा वैदेशिक रोजगारमा जानेहरुको संख्या घट्दै गएको छ । आर्थिक वर्ष २०५०/५१ मा ३६०५ नेपाली वैदेशिक रोजगारीमा गएकोमा आर्थिक वर्ष २०६०/६१ मा १ लाख ६ हजार तथा आर्थिक वर्ष २०७०/७१ मा ५ लाख २७ हजार गएको देखिन्छ । तर, यस्तो संख्यामा आर्थिक वर्ष २०७१/७२ मा २.८ प्रतिशतले, आर्थिक वर्ष २०७२/७३ मा १८.४ प्रतिशतले र आर्थिक वर्ष २०७३/७४ मा ४.७ प्रतिशतले कमी आएको छ (चार्ट ३.१) ।


**चार्ट ३.१**
**विदेश जाने श्रम स्वीकृति लिएका कामदारको संख्या**




*स्रोत : वैदेशिक रोजगार विभाग ।*

३.५ विप्रेषण आप्रवाह उल्लेख्य रुपमा बढ्दै आएको छ । तर पछिल्ला वर्षहरुमा यसको वृद्धिदरमा संकुचन आएको छ । आर्थिक वर्ष २०३२/३३ मा ट्रान्सफर आप्रवाह रु. २३ करोड १३ लाख रहेकोमा आ.व. २०५०/५१ मा रु. ३ अर्ब ४७ करोड रहेको थियो । आर्थिक वर्ष २०५७/५८ मा रु. ४७ अर्ब २२ करोड रहेको विप्रेषण आप्रवाह आर्थिक वर्ष २०७२/७३ मा रु. ६ खर्ब ६५ अर्ब र आर्थिक वर्ष २०७३/७४ मा रु. ६ खर्ब ९५ अर्ब रहेको थियो । आर्थिक वर्ष २०७०/७१ मा २५ प्रतिशतले बढेकोमा त्यसपछिका वर्षहरुमा क्रमशः घट्दै गई आर्थिक वर्ष २०७१/७२ मा १३.६ प्रतिशत, आर्थिक वर्ष २०७२/७३ मा ७.७ प्रतिशत र आर्थिक वर्ष २०७३/७४ मा ४.७ प्रतिशतले बढेको देखिन्छ (चार्ट ३.२) ।

**चार्ट ३.२**
**विप्रेषण आप्रवाहको अवस्था**




*स्रोत : नेपाल राष्ट्र बैंक ।*

३.६ विप्रेषण आप्रवाहका धेरै सकारात्मक प्रभावहरु परेका छन् । देशमा गरिबी, आर्थिक असमानता र बेरोजगारी दर न्यूनीकरण गर्न तथा बाल शिक्षामा सुधार, स्वास्थ्यको स्तरमा वृद्धि, निर्णय प्रक्रियामा महिलाको भूमिका र आन्तरिक बसाइँसराइमा वृद्धि गर्नमा विप्रेषण आप्रवाहले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसैगरी, कुल राष्ट्रिय बचत अनुपात, उपभोग, आयात, सरकारी राजस्व, विदेशी विनिमय सञ्चितिमा वृद्धि तथा वाह्य क्षेत्र स्थायित्व र बैकिङ्ग क्षेत्रको विकासमा विप्रेषण आप्रवाहको भूमिका रहेको छ । तर, वैदेशिक रोजगारी तथा विप्रेषण आप्रवाहका कारण खेतीयोग्य जमिन बाँझो रहनु, स्थानीय उद्योगहरुमा श्रमशक्तिको अभाव हुनु, श्रमको लागत बढ्नु, उपभोग संस्कृतिको विकास हुनु, पारिवारिक सम्बन्धमा विचलन आउनु, आर्थिक परनिर्भरता बढ्नु जस्ता नकरात्मक परिणामहरु पनि देखापरेका छन् ।


## अन्य सार्क मुलुकसँगको तुलनात्मक अवस्था

३.७ नेपालबाट वैदेशिक रोजगारीमा जाने करिब ९६.६ प्रतिशत कामदार नि:शुल्क भिसा तथा टिकटको प्रावधान लागू गरेका देशहरुमा गएको देखिन्छ । United Nations Economic Social Commission for Asia and the Pacific को International Migration in South and South-West Asia[3] अनुसार सन् २०१५ मा यस्तो हिस्सा दक्षिण एसियाका अन्य मुलुकसँग तुलना गर्दा भारतबाट ९९ प्रतिशत, पाकिस्तानबाट ९९ प्रतिशत, श्रीलंकाबाट ९१ प्रतिशत र बंगलादेशबाट ७३ प्रतिशत कामदारको गन्तव्य यी देशहरु रहेको देखिन्छ (चार्ट ३.३) । भारतको वैदेशिक रोजगारी अधिकेन्द्रित र बंगलादेशको वैदेशिक रोजगारी तुलनात्मक रुपमा विविधिकृत रहेको देखिन्छ ।

---

३ *http://sitreport.unescapsdd.org/labour-migration-outflow*


**चार्ट ३.३**
**नेपालले नि:शुल्क भिसा र टिकट लागू गरेका देशमा जाने अन्य देशका कामदारको हिस्सा (प्रतिशतमा)**




*स्रोत : http://sitreport.unescapsdd.org/labour-migration-outflow बाट गणना गरिएको ।*

३.८ नेपालमा जस्तै भारतमा पनि विदेशिने कामदारको संख्या सन् २०१४ सम्म बढिरहेकोमा त्यसपछिका वर्षमा घटेको देखिन्छ । पाकिस्तानबाट विदेशिने कामदारको संख्या सन् २०१५ सम्म वृद्धि भएकोमा सन् २०१६ मा केही गिरावट आएको देखिन्छ (चार्ट ३.४) । अर्कोतिर, बंगलादेशबाट विदेश जाने कामदारको संख्या सन् २०१३ मा उल्लेख्य गिरावट आएकोमा त्यसपछिका वर्षमा निरन्तर बढेको देखिन्छ ।


**चार्ट ३.४**
**वैदेशिक रोजगारीमा जाने कामदारको तुलना (नेपाल, भारत पाकिस्तान र बंगलादेश)**




*स्रोत: http://sitreport.unescapsdd.org/labour-migration-outflow बाट गणना गरिएको । नेपालको तथ्याङ्क वैदेशिक रोजगार विभागबाट, पाकिस्तानको तथ्याङ्क http://www.beoe.gov.pk/reports-and-statistics बाट ।*

३.९ विश्व बैंकका अनुसार सन् २०१५ मा नेपालले प्राप्त गरेको विप्रेषणमा निःशुल्क भिसा र टिकटको प्रावधान लागू गरिएका मुलुकहरुको हिस्सा करिब ७४ प्रतिशत रहेको छ । यस्तो हिस्सा पाकिस्तानको ७० प्रतिशत, बंगलादेशको ५६.५ प्रतिशत, भारतको ५६.४ प्रतिशत र श्रीलंकाको ५१ प्रतिशत रहेको छ (चार्ट ३.५) । यसरी ती सात देशहरु नेपालमा विप्रेषण आप्रवाहका दृष्टिकोणले ज्यादै महत्वपूर्ण रहेका छन् ।


चार्ट ३.५
**विप्रेषण आप्रवाहमा हिस्सा (सन् २०१५)**
प्रतिशतमा




*स्रोत : विश्व बैंक, https://www.worldbank.org/en/topic/migrationremittancesdiasporaissues/brief/migration-remittances-data*

३.१० विश्व बैकका अनुसार सन् २०१५ को तुलनामा सन् २०१६ मा पाकिस्तान र श्रीलंकाको विप्रेषण आप्रवाहमा वृद्धि भएको देखिन्छ भने भारत, बंगलादेश र नेपालतर्फ भएको विप्रेषण आप्रवाहमा गिरावट आएको छ (चार्ट ३.६) ।

चार्ट ३.६
**विप्रेषण आप्रवाह (अमेरिकी डलर अर्बमा)**




*स्रोत: https://www.worldbank.org/en/topic/migrationremittancesdiasporaissues/brief/migration-remittances-data*

## वैदेशिक रोजगारी तथा विप्रेषण सम्बन्धी अन्य मुलुकमा रहेको व्यवस्था

३.११ भारतबाट कामको लागि विदेश जाँदा Recruiting Agencies बाट जान सक्ने व्यवस्था रहेको छ । Recruiting Agency ले विदेश जाने व्यक्तिसँग भारतीय रुपैयाँ २०,००० लिनसक्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी, भिसाका लागि स्वास्थ्य परिक्षण, रोजगारदाताले तोकेको स्वास्थ्य परिक्षण, भिसा शुल्क, भारतबाट गन्तव्य मुलुकसम्मको हवाई टिकट, रोजगारदाता देशमा शुरुमा जाँदा होटलमा बस्नुपर्ने भए सोको खर्च समेत विदेश जाने व्यक्तिले व्यहोर्नु पर्छ ।[४]

३.१२ पाकिस्तानमा समुद्रपार रोजगार प्रवर्द्धक (Overseas Employment Promoter, OEP) मार्फत् तथा आफ्नै प्रयासबाट विदेश जान सक्ने व्यवस्था छ । कामदार आफ्नै प्रयासबाट विदेश जाने भएमा पाकिस्तानी रु. ६,५०० र समुद्रपार रोजगार प्रवर्द्धक (Overseas Employment Promoter, OEP) मार्फत् जाँदा पाकिस्तानी रु. १०,५०० लाग्ने देखिन्छ । त्यसैगरी, रु. २००० बीमा शुल्कको रुपमा बुझाउनु पर्ने व्यवस्था छ ।[५] विदेशबाट Remittance पठाँउदाको लागत/शुल्कमा Reimbursement को व्यवस्था रहेको देखिन्छ ।[६]

३.१३ श्रीलंकाबाट Recruitment Agencies मार्फत् विदेश जान सकिने व्यवस्था रहेको देखिन्छ । त्यसका लागि विदेश जान चाहनेले श्रीलंकाको रु. १५,२०० शुल्क, १५ प्रतिशत मूल्य अभिवृद्धि कर र २ प्रतिशत National Building कर बुझाई दर्ता हुनुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी, श्रीलंका सरकारले विदेश जाने कामदारलाई लक्षित गरी सामाजिक सुरक्षा कार्यक्रम समेत सञ्चालन गरेको देखिन्छ । जस अनुसार अलपत्र कामदारको उद्धार, कामदार र आश्रित परिवारका सदस्यको स्वास्थ्य बीमा, कामदारका सन्तानलाई वार्षिक रु. १० देखि ३० हजारसम्म छात्रवृति तथा विदेशमा कामदारको सुरक्षित आवास लगायतका कार्यक्रम रहेको देखिन्छ ।[७]

३.१४ फिलिपिन्सबाट Employment Agencies मार्फत् कामको लागि विदेश जानसक्ने व्यवस्था रहेको देखिन्छ । सामान्यतया रोजगारदाताले Visa Fee, Airfare, Philippines Overseas Employment Agency (POEA), Processing Fee/ OWWA Membership Fee व्यहोर्नुपर्ने व्यवस्था रहेको छ भने कामदारले पासपोर्ट, पुलिस क्लियरेन्स, जन्मदर्ता, स्वास्थ्य परिक्षणको

---

[४] https://emigrate.gov.in/

[५] http://www.beoe.gov.pk/find-your-pe-office

[६] http://www.sbp.org.pk/epd/2016/FECL8.htm


[७] http://www.slbfe.lk/page.php?LID=1&MID=37

खर्च व्यहोर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । कामदारलाई विदेश जानुपूर्व वा तिनका परिवारलाई सहायताका लागि ऋण प्रवाह गर्न १० करोड पेसोको Migrant Workers Loan Guarantee Fund स्थापना भएको देखिन्छ । कामदार तथा तिनका आश्रित परिवारका सदस्यको शिक्षाको लागि २० करोड पेसोको The Congressional Migrant Workers Scholarship Fund को व्यवस्था रहेको देखिन्छ । कामदारका लागि आवश्यक कानूनी सहायताको लागि १० करोड पेसो बराबरको कानूनी सहायता कोष समेत रहेको देखिन्छ । कामदारलाई भ्रमण कर र एयरपोर्ट करमा छुट दिएको छ ।[८]

## नेपालबाट वैदेशिक रोजगारीमा जाने प्रक्रिया र लाग्ने लागत

३.१५ नेपालमा कामको लागि विदेश जान देश तथा लिङ्गका आधारमा फरक-फरक प्रक्रिया रहने गरेको छ । सामान्यतया विदेशबाट कम्पनीले गर्ने मागदेखि कामका लागि प्रस्थान गर्दासम्म पूरा गर्नुपर्ने प्रक्रियालाई चार्ट ३.७ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.७**
**वैदेशिक रोजगारीको प्रक्रिया**




---

८ http://www.poea.gov.ph/laws&rules/files/Migrant%20Workers%20Act%20of%201995%20(RA%208042).html

http://www.poea.gov.ph/laws&rules/files/Revised%20POEA%20Rules%20And%20Regulations.pdf

३.१६ वैदेशिक रोजगारीका लागि मलेसियाबाट माग आउने प्रक्रिया अन्य खाडी मुलुकहरुको भन्दा पृथक छ । मलेसियाबाट प्राप्त हुने माग नेपाली दुतावासबाट प्रमाणित हुँदै आउने गरेको छ । महिला कामदारको माग खाडी मुलुकबाट नेपाली दुतावासमार्फत् र अन्यको हकमा सम्बन्धित देशको उद्योग वाणिज्य संघबाट कामदारको माग प्रमाणित भई आउने गरेको छ। सामान्यतया विदेश जान अपनाउनु पर्ने प्रक्रिया वक्स ३.१ मा दिइएको छ ।

**वक्स ३.१ : वैदेशिक रोजगारीमा जाने प्रक्रिया**

| **मलेसिया** | **खाडी मुलुक** |
|---|---|
| **(क) कामदार मागको प्रक्रिया** | **(क) कामदार मागको प्रक्रिया** |
| १) कम्पनीबाट मलेसियाको चेम्बर अफ कमर्श हुँदै कामदारको माग हुने, | १) कम्पनीबाट कामदारको माग ल्याउने, |
| २) कामदारको मागको दूतावासबाट प्रमाणित, | २) कामदारको मागको दूतावासबाट प्रमाणित गर्ने, |
| ३) वैदेशिक रोजगार व्यवसायीहरुले वैदेशिक रोजगार विभागबाट पूर्व स्वीकृति लिने, | ३) वैदेशिक रोजगार विभागबाट पूर्व स्वीकृति लिने, |
| ४) सर्वसाधारणको जानकारीका लागि विज्ञापन गर्ने, | ४) सर्वसाधारणको जानकारीका लागि विज्ञापन गर्ने, |
| **(ख) कामदार विदेश जाने प्रक्रिया** | **(ख) कामदार विदेश जाने प्रक्रिया** |
| १) विदेश जाने खर्चको व्यवस्था गर्ने, | १) विदेश जाने खर्चको व्यवस्था गर्ने, |
| २) पासपोर्ट बनाउने, | २) पासपोर्ट बनाउने, |
| ३) विज्ञापन अनुसार निवेदन पेश गर्ने, | ३) विज्ञापन अनुसार निवेदन पेश गर्ने, |
| ४) अन्तर्वार्तामा सहभागी हुने, | ४) अन्तर्वार्तामा सहभागी हुने, |
| ५) माईग्राम (Migrams-Biometric test) गर्ने, | ५) स्वास्थ्य परिक्षण गर्ने, |
| ६) स्वास्थ्य परिक्षण गर्ने, | ६) दूतावासबाट भिसा प्राप्त गर्ने, |
| ७) आई.एस.सी. (ISC-Finguring) गर्ने, | ७) कल्याणकारी कोषमा रकम जम्मा गर्ने, |
| ८) वान स्टप सेन्टरमा पासपोर्ट बुझाउने (कामदारको पासपोर्ट संकलन गर्ने), | ८) अभिमुखीकरण तालिम लिने, |
| ९) मलेसियन दूतावासबाट भिसा प्राप्त गर्ने, | ९) बीमा तथा अन्तिम श्रम स्वीकृति लिने, |
| १०) कल्याणकारी कोषमा रकम जम्मा गर्ने, | १०) टिकटको व्यवस्था गरी प्रस्थान गर्ने । |
| ११) अभिमुखीकरण तालिम लिने, | |
| १२) बीमा तथा अन्तिम श्रम स्वीकृति लिने, | |
| १३) टिकटको व्यवस्था गरी प्रस्थान गर्ने । | |

*स्रोत : स्थलगत सर्वेक्षणमा आधारित ।*

३.१७ वैदेशिक रोजगारीमा जान विभिन्न किसिमका खर्चहरु व्यहोर्नु पर्दछ । देश अनुसार यस्तो खर्चमा भिन्नता रहेको छ । वक्स ३.२ मा मलेसिया र खाडी मुलुक जाने कामदारले व्यहोर्नु

पर्ने खर्चको सूची दिइएको छ । खाडी मुलुकहरुमा भन्दा मलेसियामा जाने कामदारहरुले विविध शिर्षकमा थप खर्च गर्नुपर्ने अवस्था छ । मलेसिया जानेले माइग्रामको लागि करिब रु. ३००० (अमेरिकी डलर ३०), आई.एस.सी.को रु. ३२०० र वान स्टप सेन्टरको लागि रु. ६००० तिर्नुपर्दछ । यसरी खाडी मुलुक जानुभन्दा मलेसिया जाँदा अतिरिक्त खर्च गर्नुपर्ने अवस्था छ ।

**वक्स ३.२ : वैदेशिक रोजगारीमा जाँदा लाग्ने लागत**

| मलेसिया जाने कामदारको लागत | | खाडी मुलुक जाने कामदारको लागत | |
|---|---|---|---|
| **पासपोर्ट (३५ मिसन र ७५ जिल्लाबाट बनाउन सकिने)** | | **पासपोर्ट (३५ मिसन र ७५ जिल्लाबाट बनाउन सकिने)** | |
| क) सामान्य प्रक्रिया रु. ५०००।- (जिल्ला प्रशासन कार्यालयबाट मात्र र १५/२० दिनमा पाईने) | | क) सामान्य प्रक्रिया रु. ५०००।- (जिल्ला प्रशासन कार्यालयबाट मात्र र १५/२० दिनमा पाईने) | |
| ख) द्रूत सेवा तीन दिनमा लिनका लागि १००००।-, दुई दिनमा रु. १२०००।- र एक दिनमा रु. १५०००।- | | ख) द्रूत सेवा तीन दिनमा लिनका लागि १००००।-, दुई दिनमा रु. १२०००।- र एक दिनमा रु. १५०००।- | |
| **माइग्राम अमेरिकी डलर ३०** | **रु. ३१००।-** | **स्वास्थ्य परिक्षण** | **रु. ४५००।-** (साउदी अरेविया रु.६५००।-) |
| **स्वास्थ्य परिक्षण** | **रु. ४५००।-** | **भिसा स्टम्पिङ्ग खर्च रु.देश अनुसार फरक ।-** (साउदी अरेविया रु. २८००।-) | |
| **आइ.एस.सि.** | **रु. ३२००।-** | **कल्याणकारी कोष** | **रु. १५००।-** |
| **वानस्टप सेन्टर** | **रु. ६,०००।-** | (३ वर्षसम्मको लागि) रु. २५०० सो भन्दा बढी) | |
| **भिसा स्टम्पिङ्ग खर्च** | **रु. ७००।-** | कल्याणकारी कोष रु. १५००।- | |
| **कल्याणकारी कोष** | **रु. १५००।-** | (३ वर्षसम्मको लागि) रु. २५०० सो भन्दा बढी) | |
| (३ वर्षसम्मको लागि) रु. २५०० सो भन्दा बढी) | | | |
| **बीमा** | **उमेर अनुसार** | **बीमा** | **उमेर अनुसार** |
| **अभिमुखीकरण तालिम** | **रु. ७००।-** | **अभिमुखीकरण तालिम** | **रु. ७००।-** |
| **सेवा शुल्क** | **रु. १०,०००।-** | **सेवा शुल्क** | **रु. १०,०००।-** |
| **न्यूनतम रु. २४,७०० देखि रु. ४५,७०० र बीमा** | | **रु. ११,७०० देखि रु. ३४,७०० सम्म, बीमा र भिसा स्टाम्पिङ्ग खर्च** | |

*स्रोत : स्थलगत सर्वेक्षणमा आधारित ।*

## विप्रेषण पठाउँदा लाग्ने लागत

३.१८ कामका लागि विदेश जाने व्यक्तिका प्रमुख गन्तव्य मुलुक मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब ईमिरेट्सबाट अमेरिकी डलर २०० बराबर रकम पठाउँदा लाग्ने खर्च कतार बाहेकका देशमा कुल रकमको ५ प्रतिशत भन्दा कम रहेको छ (तालिका ३.२) । अन्य छिमेकी मुलुक भारत, बंगलादेश, श्रीलंका, पाकिस्तानसँगको तुलनामा साउदी अरेवियाबाट नेपालमा प्राप्त हुने विप्रेषणको लागत न्यून रहेको देखिन्छ (तालिका ३.२) ।

साउदी अरेवियाबाट नेपाल अमेरिकी डलर २०० पठाउदा लागत २.०६ प्रतिशत लाग्छ, जुन अन्य सार्क मुलुकहरुको तुलनामा सबैभन्दा कम हो ।

३.१९ सन् २०१७ को दोस्रो त्रयमासमा अमेरिकी डलर २ सय विप्रेषण गर्दा लागेको लागतका आधारमा मलेसियाबाट न्यूनतम २.२४ प्रतिशतदेखि अधिकतम ३.०९ प्रतिशत गरी औसतमा २.७१ प्रतिशत लाग्ने गरेको देखिन्छ (तालिका ३.२) । कतारबाट न्यूनतम १.५९ प्रतिशतदेखि अधिकतम ९.७२ प्रतिशत गरी औसतमा ५.१९ प्रतिशत लागेको देखिन्छ । साउदी अरेवियाबाट न्यूनतम २.३३ प्रतिशतदेखि अधिकतम ३.७० प्रतिशत गरी औसतमा ३.४५ प्रतिशत लागेको देखिन्छ । त्यसैगरी, संयुक्त अरब ईमिरेट्सबाट न्यूनतम ०.५३ प्रतिशतदेखि अधिकतम ११.०३ प्रतिशत गरी औसतमा ३.३२ प्रतिशत लागेको देखिन्छ ।

३.२० तुलनात्मक रुपमा खाडी मुलुकहरु भन्दा मलेसियाबाट विप्रेषण पठाउन कम लागत लाग्ने गरेको छ । कतार र संयुक्त अरब इमिरेट्सबाट नेपाल विप्रेषण पठाउन अन्य सार्क मुलुकहरु भन्दा बढी खर्च लाग्ने गरेको छ । तर विप्रेषणको मात्रा बढेसँगै पठाउने लागतमा कमी आउने गर्दछ । नेपालमा अमेरिकी डलर ५०० पठाउन सबैभन्दा कम साउदी अरेवियामा लाग्ने गरेको छ भने सबैभन्दा बढी कतारमा लाग्ने गरेको छ । विप्रेषण पठाउन लाग्ने लागतको देशगत भिन्नतालाई हेर्दा लागत निर्धारण हुने कारक तत्वहरु पत्ता लगाउन सकिएमा लागत घटाउन सक्ने सम्भावना देखिन्छ ।

## तालिका ३.२
## विप्रेषण पठाउँदा लाग्ने लागत (प्रतिशत)

| पठाउने देश | प्राप्त गर्ने देश | अमेरिकी डलर २०० | | अमेरिकी डलर ५०० | |
|---|---|---|---|---|---|
| | | २०१७ प्रथम त्रयमास | २०१७ दोस्रो त्रयमास | २०१७ प्रथम त्रयमास | २०१७ दोस्रो त्रयमास |
| मलेसिया | नेपाल | ३.२४ | २.७१ | २.०५ | १.५२ |
| | भारत | २.९२ | ३.२९ | १.९६ | २.३३ |
| | बंगलादेश | ३.८६ | ४.७६ | २.५८ | ३.४५ |
| | पाकिस्तान | – | – | – | – |
| | श्रीलंका | – | – | – | – |
| कतार | नेपाल | ५.२५ | ५.१९ | ३.७२ | ३.७१ |
| | भारत | ४.२० | ४.४० | २.८२ | ३.०५ |
| | बंगलादेश | ४.४६ | ७.३२ | २.५७ | ५.९१ |
| | पाकिस्तान | ३.६६ | ३.४६ | २.१४ | २.०१ |
| | श्रीलंका | ४.१६ | ३.८० | २.७३ | २.४० |
| साउदी अरेबिया | नेपाल | २.०६ | ३.४५ | १.५८ | १.३३ |
| | भारत | ४.५८ | ४.४४ | २.९७ | २.८३ |
| | बंगलादेश | ३.९० | ६.१८ | २.५० | ४.५८ |
| | पाकिस्तान | ३.५६ | ४.३१ | २.३७ | २.५९ |
| | श्रीलंका | ३.२१ | ४.२१ | १.९२ | २.९२ |
| संयुक्त अरब ईमिरेट्स | नेपाल | ३.२४ | ३.३२ | १.६४ | १.७४ |
| | भारत | २.९५ | २.९८ | २.०२ | १.९९ |
| | बंगलादेश | २.९६ | २.७९ | १.८४ | १.५१ |
| | पाकिस्तान | २.५४ | ३.८६ | ०.९६ | १.७० |
| | श्रीलंका | ३.५४ | ३.७० | १.८० | १.९३ |

*स्रोत :* http://remittanceprices.worldbank.org/en/countrycorridors

# परिच्छेद चार
# नि:शुल्क भिसा र टिकट प्रावधानले पारेको प्रभाव

४.१ यस परिच्छेदको सुरुमा द्वितीय तथ्याङ्कको आधारमा वैदेशिक रोजगारीमा जाने प्रवृति, वैदेशिक रोजगारको मागको अवस्था र विप्रेषण आप्रवाहलाई विश्लेषण गरिएको छ । तत्पश्चात् स्थलगत सर्वेक्षणबाट प्राप्त नतिजालाई राखिएको छ ।


## रोजगारीमा जाने प्रवृत्ति

४.२ नेपालबाट अधिकांश कामदारहरु नि:शुल्क भिसा र टिकटको प्रावधानको व्यवस्था गरिएका सात देशहरुमा रोजगारीका लागि जाने गरेका छन् । आर्थिक वर्ष २०५०/५१ मा श्रम स्वीकृति लिई विदेश गएका ३६०५ कामदारमध्ये ९१.८ प्रतिशत (३३०८ जना) उक्त व्यवस्था लागू भएका देश गएका थिए । त्यसैगरी, आर्थिक वर्ष २०६०/६१ मा कामका लागि विदेश गएका १ लाख ६ हजारमध्ये ९७.२ प्रतिशत (१ लाख ३ हजार) र आर्थिक वर्ष २०७३/७४ मा ३ लाख ९८ हजारमध्ये करिब ९५ प्रतिशत (३ लाख ७९ हजार) नि:शुल्क भिसा तथा टिकटको प्रावधान लागू भएका देश गएका थिए ।

४.३ पछिल्ला वर्षहरुमा वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्या घट्दै गएको छ । कामको लागि विदेश जाने स्वीकृति लिने कामदारको संख्या उच्च रहेपनि आर्थिक वर्ष २०७१/७२ पछि घट्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७१/७२ मा २.८ प्रतिशतले घटेको यस्तो संख्या आर्थिक वर्ष २०७२/७३ र २०७३/७४ मा क्रमश: १८.४ प्रतिशत र ४.७ प्रतिशतले घटेको देखिन्छ । जसमध्ये नि:शुल्क भिसा र टिकटको प्रावधान लागू भएका देशमा जानेको संख्या आर्थिक वर्ष २०७१/७२ मा ३.२ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०७२/७३ मा १९.७ प्रतिशत र आर्थिक वर्ष २०७३/७४ मा ४.८ प्रतिशतले घटेको थियो (चार्ट ४.१) ।

**चार्ट ४.१**

**नि:शुल्क भिसा र टिकटको प्रावधान लागू भएका देशमा जाने प्रवृत्ति**




*स्रोत : वैदेशिक रोजगार विभागको प्रकाशनबाट गणना गरिएको ।*

४.४ नि:शुल्क भिसा र टिकट लागू गरिएका सात देशहरुमा पनि विगत ५ वर्षमा नेपालबाट कामका लागि विदेश गएकामध्ये चार देशहरु (मलेसिया, कतार, साउदी अरेविया र संयुक्त अरब ईमिरेट्स) जानेको औसत हिस्सा ९०.२ प्रतिशत छ भने ओमान, कुवेत र बहराइन गएका कामदारको औसत हिस्सा जम्मा ३.४ प्रतिशत रहेको छ । यसरी नेपालीहरुको वैदेशिक रोजगारीको लागि ती चार देशहरु महत्वपूर्ण रहेका छन् ।

## नि:शुल्क भिसा र टिकट प्रावधानले कामदारको मागमा परेको प्रभाव

४.५ विदेश जानेको संख्या नि:शुल्क भिसा र टिकटको व्यवस्था लागू भएपश्चात् घटेता पनि विदेशबाट भएको कामदारको मागमा यस अवधिमा वृद्धि भएको देखिन्छ । नि:शुल्क भिसा र टिकटको व्यवस्था लागू भएको २०७२ जेठ भन्दा दुई वर्ष अघि (२०७० असारदेखि २०७२ जेठसम्म) र दुई वर्ष पछि (२०७२ असारदेखि २०७४ जेठसम्म) सम्म वैदेशिक रोजगार विभागबाट कामदारको मागमा प्रदान भएको पूर्व स्वीकृतिको तुलना गर्दा यो तथ्य देखिएको हो । अघिल्लो अवधि (२०७० असारदेखि २०७२ जेठसम्म) को तुलनामा पछिल्लो अवधि ( २०७२ असारदेखि २०७४ जेठसम्म) मा यी देशबाट भएको समग्र माग ४.७ प्रतिशतले बढेको देखिन्छ ।

**तालिका ४.१**

**कामदारको मागको अवस्था (हजारमा)**

| देशको नाम | २०७० असारदेखि २०७२ जेठ | २०७२ असारदेखि २०७४ जेठ |
|---|---|---|
| मलेसिया | ५९० | १९६ |
| बहराईन | २० | २० |
| कुवेत | ४० | ५१ |
| ओमान | १० | १० |
| कतार | १०६७ | १५९६ |
| साउदी अरेविया | २९९ | २६० |
| संयुक्त अरब ईमिरेट्स | ३३५ | ३३९ |
| **कुल** | **२३६२** | **२४७३** |
| **प्रतिशत परिवर्तन** | **–** | **४.७** |

*स्रोत : वैदेशिक रोजगार विभाग । पूर्व स्वीकृतिमा आधारित ।*

४.६ देशगत रुपमा कामदारको मागको अवस्था भने फरक-फरक रहेको छ । माथि उल्लिखित समयावधिमा मलेसिया र साउदी अरेवियाबाट हुने कामदारको माग भने घटेको छ । खासगरी मलेसियाबाट हुने मागमा उल्लेख्य गिरावट आएको छ । उक्त गिरावट नेपालको कारणले भन्दा पनि मलेसियाको श्रम बजार सम्बन्धी नियमको कारणले भएको देखिन्छ । मेडिकल जाँच सम्बन्धी बाध्यकारी र महङ्गो प्रावधानले गर्दा पनि मलेसिया जाने कामदारको प्रवाहमा कमी आएको तथा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा आएको गिरावटले साउदी अरेवियाबाट हुने कामदारको मागमा कमी आएको अनुमान गर्न सकिन्छ ।

४.७ समग्रमा, माग पक्षमा कमी नआएपनि पछिल्लो समयमा वैदेशिक रोजगारीमा जानेहरुको संख्यामा आएको कमी आपूर्ति पक्षको कारणबाट भएको देखिन्छ । २०७२ सालको बैशाखमा आएको भूकम्पले पारेको नोक्सानी र पुनर्निर्माणको कार्य शुरु भएकोले नेपाल भित्रै श्रमको उच्च माग रहेको अवस्था छ । श्रमको मागसँगै ज्यालादर पनि बढेकाले वैदेशिक रोजगारीमा जानेको संख्यामा कमी आएको अनुमान गर्न सकिन्छ ।

## नि:शुल्क भिसा र टिकट प्रावधानको विप्रेषण आप्रवाहमा प्रभाव

४.८ २०७२ जेठअघिको २४ महिना र पछिको २४ महिनामा भारत बाहेकका मुलुकबाट आप्रवाह भएको विप्रेषणको तुलना गर्दा पछिल्लो अवधिमा करिब १९ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

**तालिका ४.२**

**विप्रेषण आप्रवाहको अवस्था (रु. अर्बमा)**


| विवरण | २०७० असारदेखि २०७२ जेठसम्म | २०७२ असारदेखि २०७४ जेठसम्म |
|---|---|---|
| विप्रेषण आप्रवाह | १०१४.९ | १२०५.० |
| प्रतिशत परिवर्तन | - | १८.७ |

*स्रोत : नेपाल राष्ट्र बैंक ।*

४.९ नेपालमा विप्रेषण आप्रवाहमा मलेसिया र कुवेतको हिस्सा ज्यादै न्यून रहेको छ । विश्व बैंकका अनुसार सन् २०१५ मा प्राप्त विप्रेषण आप्रवाहमध्ये मलेसियाबाट २.७ प्रतिशत, कतारबाट २९ प्रतिशत, साउदी अरेवियाबाट २६.५ प्रतिशत, संयुक्त अरब ईमिरेट्सबाट ११.८ प्रतिशत र कुवेतबाट ३.६ प्रतिशत प्राप्त भएको अनुमान छ । विप्रेषण आप्रवाहमा निःशुल्क भिसा तथा टिकटको प्रावधान लागू भएका देशबाट प्राप्त भएको विप्रेषणको समग्र हिस्सा करिब ७० प्रतिशत भन्दा माथि रहेको देखिन्छ । मलेसियाबाट प्राप्त विप्रेषणको हिस्सा न्यून रहेकोले मलेसियातर्फ जाने कामदारको मागमा आएको कमीले समग्र विप्रेषण आप्रवाहमा झिनो प्रभाव पार्ने देखिन्छ ।

**चार्ट ४.२**

**नेपालले प्राप्त गर्ने विप्रेषण आप्रवाहमा देशगत हिस्सा (प्रतिशत)**




*स्रोत : विश्व बैंक,* [https://www.worldbank.org/en/topic/migrationremittancesdiasporaissues/brief/migration-remittances-data](https://www.worldbank.org/en/topic/migrationremittancesdiasporaissues/brief/migration-remittances-data)

## स्थलगत सर्वेक्षणको नतिजा

४.१० सरकारले सात राष्ट्रहरु : मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब ईमिरेट्स, कुवेत, बहराईन र ओमानमा रोजगारीमा जाने कामदारको लागि रोजगारदाता कम्पनीले भिसा र जाने आउने हवाई टिकट वापत लाग्ने खर्च व्यहोर्नु पर्ने तथा कामदारको तलबबाट अन्य

कुनै खर्च नकटाउने शर्तमा नेपाली कामदार पठाउन श्रम स्वीकृति दिने व्यवस्थाबाट वैदेशिक रोजगारीमा परेको प्रभावको मूल्याङ्कन गर्नका लागि वैदेशिक रोजगारीमा जाने व्यक्तिहरु तथा नेपालबाट वैदेशिक रोजगारीमा विदेश पठाउने व्यवसायीहरुसँग प्रश्नावलीमार्फत् स्थलगत सर्वेक्षणबाट प्राप्त सूचना एवम् विवरणहरुको विश्लेषण यस परिच्छेदमा गरिएको छ । सर्वेक्षणलाई वैदेशिक रोजागरीको संख्यात्मक प्रभाव, लागत प्रभाव र समस्याहरुको पहिचान गर्नमा केन्द्रित गरिएकोले यस परिच्छेदमा उक्त सूचना एवम् जानकारीहरुलाई विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## गन्तव्य मुलुक र कामको प्रकृति

४.११ सर्वेक्षणमा सहभागी विदेश जाने व्यक्तिको आधारमा मलेसिया प्रमुख गन्तव्य मुलुकको रुपमा रहेको छ । स्थलगत सर्वेक्षणमा संलग्न ३१३ जना विदेश जाँदै गरेका व्यक्तिमध्ये २८.८ प्रतिशत मलेसिया, २३.३ प्रतिशत कतार, १६.९ प्रतिशत साउदी अरब, १५.३ प्रतिशत संयुक्त अरब ईमिरेट्स, १२.८ प्रतिशत कुवेत, १.९ प्रतिशत ओमान र १ प्रतिशत बहराईन जाने कामदार रहेका छन् (तालिका ४.३) । समग्रमा मलेसियाबाट प्राप्त हुने माग घटेको देखिएपनि नमूना छनौटमा परेका कामदारहरुको हिस्सा बढी मलेसिया जाने गरेको पाइएको छ ।

**तालिका ४.३**
**सर्वेक्षणमा सहभागीको गन्तव्य देश**

| देशको नाम | संख्या | प्रतिशत |
|---|---|---|
| मलेसिया | ९० | २८.८ |
| कतार | ७३ | २३.३ |
| साउदी अरव | ५३ | १६.९ |
| यु.ए.ई. (दुबई) | ४८ | १५.३ |
| कुवेत | ४० | १२.८ |
| ओमान | ६ | १.९ |
| बहराईन | ३ | १.० |
| कुल | ३१३ | १००.० |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.१२ सर्वेक्षणबाट नेपालीहरु मुख्य रुपमा निर्माणको काम, उद्योग, होटल र सेक्युरिटी सेवामा वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । कामको आधारमा निर्माण क्षेत्रमा २१.१ प्रतिशत, उद्योगमा १७.३ प्रतिशत, होटलमा ९.३ प्रतिशत, कार्पेन्टरमा ८.३ प्रतिशत र सेक्युरिटी

गार्डका लागि ७ प्रतिशत वैदेशिक रोजगारीमा गएको देखिन्छ । अन्य काम (क्लिनर, घरायसी कामदार) को लागि १६.६ प्रतिशत बाहिरिएका देखिन्छन् । देशगत रुपमा हेर्दा साउदी अरब र कतारमा निर्माण क्षेत्रमा, मलेसियामा उद्योगमा र सेक्युरिटी गार्डमा बढी कामदार जाने गरेको देखिन्छ (तालिका ४.४) ।

**तालिका ४.४**

**सर्वेक्षणमा सहभागीको गन्तव्य देश र कामको प्रकृति**

(प्रतिशत हिस्सा)

| कामको शिर्षक | देशको नाम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मलेसिया | संयुक्त अरब ईमिरेट्स | साउदी अरब | कतार | कुवेत | बहराईन | ओमान | कुल |
| निर्माण | १.६ | ३.५ | ६.१ | ६.१ | ३.५ | ०.० | ०.३ | २१.१ |
| उद्योग | ८.९ | २.६ | १.३ | ३.५ | १.० | ०.० | ०.० | १७.३ |
| होटल | ०.६ | १.९ | २.२ | ३.२ | ०.३ | ०.० | १.० | ९.३ |
| कार्पेन्टर | ३.२ | १.० | ०.३ | १.६ | १.९ | ०.० | ०.३ | ८.३ |
| सेक्युरिटी गार्ड | ५.१ | १.० | ०.३ | ०.३ | ०.३ | ०.० | ०.० | ७.० |
| कृषि | ३.२ | ०.० | ०.० | ०.३ | २.६ | ०.० | ०.० | ६.१ |
| ईलेक्ट्रिसियन | ४.२ | ०.३ | ०.३ | ०.३ | ०.३ | ०.० | ०.० | ५.४ |
| ड्राईभिङ्ग | ०.० | ०.३ | १.६ | २.२ | ०.६ | ०.३ | ०.० | ५.१ |
| डिपार्टमेन्टल स्टोर | ०.० | ०.३ | १.० | १.६ | ०.३ | ०.६ | ०.० | ३.८ |
| अन्य | १.९ | ४.५ | ३.८ | ४.२ | १.९ | ०.० | ०.३ | १६.६ |
| **कुल** | **२८.८** | **१५.३** | **१६.९** | **२३.३** | **१२.८** | **१.०** | **१.९** | **१००.०** |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.१३ वैदेशिक रोजगार व्यवसायीहरुको तथ्याङ्कको आधारमा पनि उनीहरुले सबैभन्दा बढी निर्माण क्षेत्रमा कामदार पठाउने गरेका छन् । सर्वेक्षणबाट ७०.४ प्रतिशत वैदशिक रोजगार कम्पनी निर्माण क्षेत्रमा कामदार पठाउन संलग्न रहेको देखिन्छ । त्यसैगरी, ५० प्रतिशतले सुरक्षा गार्ड, ४०.७ प्रतिशतले उद्योग (Factory Worker), २५.९ प्रतिशतले होटल, २२.२ प्रतिशतले डिपार्टमेन्टल स्टोर र १४.८ प्रतिशतले ड्राइभिङ्गमा पठाउने गरेका छन् । त्यसैगरी, ३८.९ प्रतिशतले अन्य काम जस्तै क्लिनर, कृषि लगायतका कार्यहरुमा पठाउने गरेका छन् (तालिका ४.५) ।

**तालिका ४.५**

**कामको आधारमा वैदेशिक रोजगार व्यवसायीले पठाउने कामदार**

| विदेश पठाउने कामको शिर्षक | सर्वेक्षणमा सहभागी कम्पनीको संख्या | पठाउने कम्पनीको संख्या | पठाउने कम्पनीको प्रतिशत |
|---|---|---|---|
| निर्माण | ५४ | ३८ | ७०.४ |
| सेक्युरिटी गार्ड | ५४ | २७ | ५०.० |
| उद्योग | ५४ | २२ | ४०.७ |
| होटल | ५४ | १४ | २५.९ |
| पसल/डिपार्टमेन्टल स्टोर | ५४ | १२ | २२.२ |
| ड्राईभिङ्ग | ५४ | ८ | १४.८ |
| अन्य | ५४ | २१ | ३८.९ |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.१४ सर्वेक्षणले करिब १७ प्रतिशत व्यवसायीले एक देशमा मात्र कामदार पठाउने, १५ प्रतिशतले दुई देश, १७ प्रतिशतले तीन देश र ५२ प्रतिशतले चार वा सोभन्दा बढी देशमा कामदार पठाउने गरेको देखाएको छ । अधिकांश वैदेशिक रोजगार व्यवसायीले एक भन्दा बढी देशमा कामदार पठाउने गरेका छन् (तालिका ४.६) ।

**तालिका ४.६**

**वैदेशिक रोजगार व्यवसायीको देशगत संलग्नताको संख्या**

| पठाउने देशको संख्या | पठाउने कम्पनीको संख्या | पठाउने कम्पनीको प्रतिशत |
|---|---|---|
| एक | ९ | १६.७ |
| दुई | ८ | १४.८ |
| तीन | ९ | १६.७ |
| चार वा सो भन्दा बढी | २८ | ५१.९ |
| **कुल** | **५४** | **१००.०** |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.१५ तुलनात्मक रुपमा सबैभन्दा धेरै वैदेशिक रोजगार व्यवसायीहरु (७७.८ प्रतिशत) कतारमा कामदार पठाउन संलग्न रहेका छन् । त्यसपछि करिब ६८.५ प्रतिशत कम्पनीहरुले मलेसिया कामदार पठाउने गरेको देखिन्छ । करिब ६३ प्रतिशतले संयुक्त अरव ईमिरेट्स, ६३ प्रतिशतले साउदी अरब, ९.३ प्रतिशतले बहराइन र केवल १.९ प्रतिशतले ओमान पठाउने गरेका छन् (तालिका ४.७) ।

**तालिका ४.७**
**वैदेशिक रोजगार व्यवसायीको देशगत संलग्नता**

| कामदार पठाउने देशको नाम | सर्वेक्षणमा सहभागी कम्पनीको संख्या | पठाउने कम्पनीको संख्या | पठाउने कम्पनीको प्रतिशत |
|---|---|---|---|
| कतार | ५४ | ४२ | ७७.८ |
| मलेसिया | ५४ | ३७ | ६८.५ |
| यु.ए.ई. (दुबई) | ५४ | ३४ | ६३.० |
| साउदी अरव | ५४ | ३४ | ६३.० |
| कुवेत | ५४ | ११ | २०.४ |
| बहराईन | ५४ | ५ | ९.३ |
| ओमान | ५४ | १ | १.९ |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

## वैदेशिक रोजगारमा जाने माध्यम

४.१६ वैदेशिक रोजगारमा जाने अधिकांश मानिसहरु रोजगार व्यवसायीमार्फत् गएपनि केही मानिसहरु अन्य माध्यमबाट पनि जाने गरेका छन् । सर्वेक्षणले समावेश गरेका विदेश जान लागेका कामदारमध्ये ८१.४ प्रतिशत मेनपावर कम्पनीमार्फत्, ७.४ प्रतिशत व्यक्तिगत एजेन्टमार्फत्, ५.१ प्रतिशत साथीभाई र आफन्तमार्फत् र ६.१ प्रतिशत अन्य माध्यम ( पर्यटक भिसा) बाट विदेश जाँदै गरेको देखिएको छ । देशगत रुपमा हेर्दा मलेसिया जाने कुल कामदारमा मेनपावर कम्पनीमार्फत् जाने कामदारको हिस्सा ९० प्रतिशत र संयुक्त अरब ईमिरेट्स जाने कुल कामदारमा मेनपावर कम्पनीमार्फत् जानेको हिस्सा ७९.२ प्रतिशत रहेको छ । यस्तो हिस्सा साउदी अरेवियामा ७५.५ प्रतिशत, कतारमा ८३.३ प्रतिशत, कुवेत ७६.९ प्रतिशत, ओमान ५७.१ प्रतिशत र बहराईन ३३.३ प्रतिशत रहेको छ (तालिका ४.८) ।

**तालिका ४.८**
**वैदेशिक रोजगारीको गन्तव्य मुलुक र जाने माध्यम**

(प्रतिशत)

| विदेश जाने माध्यम | देशको नाम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मलेसिया | संयुक्त अरब ईमिरेट्स | साउदी अरव | कतार | कुवेत | बहराईन | ओमान | कुल |
| मेनपावर कम्पनीमार्फत् | २६.० | १२.२ | १२.८ | १९.६ | ९.६ | ०.३ | १.० | ८१.४ |
| व्यक्ति (एजेन्ट)मार्फत् | १.६ | ०.३ | २.९ | १.३ | १.० | ०.३ | ०.० | ७.४ |
| साथी भाई र आफन्तमार्फत् | ०.६ | १.६ | १.० | १.३ | ०.६ | ०.० | ०.० | ५.१ |
| अन्य | ०.६ | १.३ | ०.३ | १.३ | १.३ | ०.३ | १.० | ६.१ |
| **कुल** | **२८.८** | **१५.४** | **१७.०** | **२३.४** | **१२.५** | **१.०** | **१.९** | **१००.०** |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.१७ विदेशिनेमध्ये एक तिहाईभन्दा बढी पहिलो पटक विदेश जाने गरेको पाइएको छ । सर्वेक्षणमा सहभागी विदेश जाँदै गरेका कामदार मध्ये ३४.९ प्रतिशत पहिलो पटक, २१.२ प्रतिशत दोस्रो पटक, ३०.४ प्रतिशत तेस्रो पटक विदेश जाँदै गरेका कामदार रहेका छन् । सहभागीमध्ये ०.३ प्रतिशत (१ जना) तेह्रौं पटकसम्म विदेश जाँदै गरेको पाइएको छ (तालिका ४.९) ।

**तालिका ४.९**

**कामदारहरुको विदेश जाने आवृति (Frequency)**

| गएको पटक | कामदारको संख्या | प्रतिशत हिस्सा |
|---|---|---|
| पहिलो पटक जादैछु । | १०९ | ३४.९ |
| दोस्रो पटक | ६६ | २१.२ |
| तेस्रो पटक | ९५ | ३०.४ |
| चौथो पटक | २३ | ७.४ |
| पाँच पटक | १३ | ४.२ |
| छ पटक | ३ | १.० |
| नौ पटक | १ | ०.३ |
| एघार पटक | १ | ०.३ |
| तेहौ पटक | १ | ०.३ |
| **जम्मा** | **३१२** | **१००.०** |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.१८ अधिकांश वैदेशिक रोजगार व्यवसायीले विदेशस्थित कम्पनीबाट सिधै रोजगारीको माग ल्याउने गरेका छन् । सर्वेक्षणमा सहभागी ८८.९ प्रतिशत वैदेशिक रोजगार व्यवसायीले सिधै कम्पनीबाट माग ल्याउने गरेका छन् । ३८.९ प्रतिशत व्यवसायीले विदेशी एजेन्टलाई कमिशन तिरेर, १८.५ प्रतिशत व्यवसायीले कम्पनीका उच्च तहका कामदारलाई कमिशन तिरेर तथा २७.८ प्रतिशतले विदेशमा आफ्नै एजेन्ट नियुक्त गरेर कामको लागि माग ल्याउने गरेका छन् (तालिका ४.१०) ।

**तालिका ४.१०**

**विदेशबाट कामदारको माग प्राप्त गर्ने तरिका**

| माग प्राप्त गर्ने तरिका | सर्वेक्षणमा सहभागी कम्पनीको संख्या | कम्पनीको संख्या | कम्पनीको प्रतिशत |
|---|---|---|---|
| सिधै कम्पनीबाट | ५४ | ४८ | ८८.९ |
| विदेशी एजेन्टबाट कमिशन तिरेर | ५४ | २१ | ३८.९ |
| विदेशमा आफ्नै एजेन्ट रहेका | ५४ | १५ | २७.८ |
| कम्पनीका उच्च तहका कामदारलाई कमिशन तिरेर | ५४ | १० | १८.५ |
| विदेश गएका कामदारलाई एजेन्ट नियुक्त गरेर | ५४ | ३ | ५.६ |
| अन्य | ५४ | ३ | ५.६ |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

*नोट : केही वैदेशिक रोजगार व्यवसायीहरुले एक भन्दा बढी तरिकाहरुबाट पनि कामदारको माग ल्याउने गरेका छन् ।*

## वैदेशिक रोजगारीका लागि प्रतिस्पर्धी देशहरू

४.१९ सर्वेक्षणमा सहभागी वैदेशिक रोजगार व्यवसायीका अनुसार गन्तव्य मुलुकमा सुरक्षा गार्डको कामका लागि भारत, पाकिस्तान र श्रीलंका मुख्य प्रतिस्पर्धी देशको रुपमा रहेका छन् (तालिका ४.११) । होटल श्रमिकका लागि नेपालका मुख्य प्रतिस्पर्धी देशमा भारत, फिलिपिन्स र श्रीलंका, निर्माणका लागि बंगलादेश, भारत र पाकिस्तान रहेका छन् । प्राविधिक कामको लागि नेपालका प्रतिस्पर्धी देशमा भारत, फिलिपिन्स र श्रीलंका रहेका छन् । त्यसैगरी, अन्य काम जस्तैः कृषि, घरायसी कामदारका हकमा भारत, भियतनाम तथा बंगलादेश प्रतिस्पर्धी देशका रुपमा रहेका छन् । यसले गर्दा यी देशहरुको श्रमिकको आपूर्ति र अन्य व्यवस्थाले नेपालको वैदेशिक श्रम बजार प्रभावित हुने देखिन्छ ।

**तालिका ४.११**

**कामका लागि नेपालका प्रतिस्पर्धी देशहरु**

| कामको विवरण | कामदार पठाउने अन्य प्रतिस्पर्धी देश | | |
|---|---|---|---|
| | १ | २ | ३ |
| सुरक्षा गार्ड | भारत | पाकिस्तान | श्रीलंका |
| होटल श्रमिक | भारत | फिलिपिन्स | श्रीलंका |
| निर्माण श्रमिक | वंगलादेश | भारत | पाकिस्तान |
| प्राविधिक | भारत | फिलिपिन्स | श्रीलंका |
| अन्य | भारत | भियतनाम | बंगलादेश |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

## नि:शुल्क भिसा र टिकटको प्रावधान : जानकारी तथा उपयोग

४.२० वैदेशिक रोजगारमा जाने अधिकांशलाई निःशुल्क भिसा र टिकटको प्रावधानको बारेमा जानकारी रहेको सर्वेक्षणले देखाएको छ । वैदेशिक रोजगार व्यवसायीमार्फत् विदेश जाने मध्ये ८३.९ प्रतिशतलाई यो प्रावधानको बारेमा जानकारी रहेको पाइएको छ । मलेसिया जाँदै गरेका ८५.३ प्रतिशत, संयुक्त अरब ईमिरेट्स जाँदै गरेका ९२ प्रतिशत, कतार ८८.६ र साउदी अरब जाँदै गरेका ७० प्रतिशतलाई यो प्रावधानको बारेमा अवगत रहेको देखिन्छ (तालिका ४.१२) ।

**तालिका ४.१२**
**निःशुल्क भिसा र टिकटको प्रावधानको जानकारीको अवस्था**

| विवरण | | देशको नाम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मलेसिया | संयुक्त अरब ईमिरेट्स | साउदी अरब | कतार | कुवेत | बहराईन | ओमान | कुल |
| जानकारी छ | उत्तरदाता संख्या | ६९ | ३५ | २८ | ५३ | २४ | ० | ४ | २१३ |
| | प्रतिशत हिस्सा | २७.२ | १३.८ | ११.० | २०.९ | ९.४ | ०.० | १.६ | ८३.९ |
| | उत्तरदाता संख्या | १२ | ३ | १२ | ७ | ६ | १ | ० | ४१ |
| जानकारी छैन | प्रतिशत हिस्सा | ४.७ | १.२ | ४.७ | २.८ | २.४ | ०.४ | ०.० | १६.१ |
| **कुल** | | **३१.९** | **१५.०** | **१५.७** | **२३.६** | **११.८** | **०.४** | **१.६** | **१००.०** |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.२१ वैदेशिक रोजगार व्यवसायीमार्फत् विदेश जाने कामदारमध्ये ८२.३ प्रतिशत कामदार निःशुल्क भिसा र टिकटको व्यवस्था अन्तर्गत र १७.७ प्रतिशतबाट अन्य व्यवस्था अर्न्तगत विदेश गएको देखिन्छ (तालिका ४.१३) । केही कामदारहरु निःशुल्क भिसा र टिकटको वारेमा जानकारी विना पनि यो व्यवस्था अर्न्तगत बाहिरिएको देखिन्छ । तुलनात्मक रुपमा मलेसिया, संयुक्त अरब ईमिरेट्स, कतार र कुवेतमा जाने अधिकांश कामदारहरु निःशुल्क भिसा र टिकटको व्यवस्था अन्तर्गत गएको सर्वेक्षणले देखाएको छ ।

**तालिका ४.१३**

**नि:शुल्क भिसा र टिकटको व्यवस्था अन्तर्गत विदेशिएको अवस्था**

(प्रतिशत)

| विवरण | देशको नाम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मलेसिया | संयुक्त अरब ईमिरेट्स | साउदी अरब | कतार | कुवेत | बहराईन | ओमान | कुल |
| नि:शुल्क भिसा र टिकट | २८.० | १३.० | १०.२ | २०.१ | ९.४ | ०.० | १.६ | ८२.३ |
| अन्य | ३.९ | २.० | ५.५ | ३.५ | २.४ | ०.४ | ०.० | १७.७ |
| **कुल** | **३१.९** | **१५.०** | **१५.७** | **२३.६** | **११.८** | **०.४** | **१.६** | **१००.०** |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.२२ वैदेशिक रोजगारीमा जाने नेपालीहरुले नि:शुल्क भिसा र टिकटको प्रावधान रहेको भएतापनि सरकारले तोकेको शुल्क भन्दा अधिक शुल्क तिरेर विदेश जाने गरेको देखिन्छ । विदेश जाँदै गरेका कामदारमध्ये ३७.१ प्रतिशत कामदारले मात्र रु. १० हजार वा सो भन्दा कम रकम मेनपावरलाई तिरेको देखिन्छ । एक चौथाई भन्दा बढीले रु. ५० हजार भन्दा बढी रकम मेनपावर कम्पनीहरुलाई तिरेको देखिन्छ (तालिका ४.१४) ।

४.२३ मेनपावर कम्पनीलाई तिर्ने रकम बाहेक पनि वैदेशिक रोजगारीमा जाँदा अन्य खर्च हुने गर्दछ । १५ प्रतिशत कामदार मात्र रु.१० हजारसम्मको खर्चमा वैदेशिक रोजगारमा जान सकेको देखिन्छ । त्यसैगरी, एक तिहाई भन्दा बढी कामदार रु. ५० हजार भन्दा बढी खर्चमा मात्र वैदेशिक रोजगारमा जान सकेका छन् । वैदेशिक रोजगारीमा जाँदा एक तिहाइभन्दा बढी कामदारहरुलाई ५० हजारभन्दा बढी खर्च लाग्ने गरेको छ । यसरी वैदेशिक रोजगारीमा जान अधिकांशका लागि अझैपनि खर्चिलो रहेको सर्वेक्षणले देखाएको छ (तालिका ४.१४) ।

**तालिका ४.१४**

**वैदेशिक रोजगारीमा जाँदा लाग्ने लागतको अवस्था**

| खर्च (रु. मा) | १०००० सम्म | १० हजारदेखि २५ हजारसम्म | २५ हजारदेखि ५० हजारसम्म | ५० हजार भन्दा बढी | उत्तर दिन चाहन्न | जम्मा उत्तरदाता |
|---|---|---|---|---|---|---|
| **जम्मा लागेको खर्च :**<br>**(उत्तरदाता संख्या)** | **४८** | **६२** | **८१** | **११५** | **७** | **३१३** |
| *प्रतिशत हिस्सा* | *१५.३* | *१९.८* | *२५.९* | *३६.७* | *२.२* | *१००.०* |
| जम्मा खर्चमध्ये | | | | | | |
| **मेनपावर कम्पनी/एजेन्टलाई तिरेको रकम**<br>**(उत्तरदाता संख्या)** | **११६** | **११** | **६५** | **८७** | **३४** | **३१३** |
| *प्रतिशत हिस्सा* | *३७.१* | *३.५* | *२०.८* | *२७.८* | *१०.९* | *१००.०* |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.२४ तालिका ४.१४ मा प्राप्त नतिजाको वैधता परिक्षणका लागि सोधिएको अर्को प्रश्नमा करिब एक प्रतिशतले ठीक सूचना दिन नचाहेको देखिन्छ (तालिका ४.१४ र तालिका ४.१५ को तुलना) । कामका लागि वैदेशिक रोजगार व्यवसायीमार्फत् विदेशिनेमध्ये ५३.१ प्रतिशतले सरकारले तोकेको न्यूनतम शुल्क भन्दा बढी रकम तिरेको देखिन्छ भने ३५.८ प्रतिशतले सरकारले तोके अनुसारको शुल्क तिरेको र ११ प्रतिशतले उत्तर दिन नचाहेको देखिन्छ ।

**तालिका ४.१५**
**सरकारले तोकेको न्यूनतम शुल्कको पालनाको अवस्था (प्रतिशत)**

| न्यूनतम शुल्क भन्दा बढी शुल्क | देशको नाम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मलेसिया | संयुक्त अरब ईमिरेट्स | साउदी अरव | कतार | कुवेत | बहराईन | ओमान | कुल |
| तिरेको | १८.१ | ८.७ | ८.३ | १२.६ | ४.७ | ०.४ | ०.४ | ५३.१ |
| तिर्नु नपरेको | १०.६ | ५.५ | ३.९ | ९.४ | ५.१ | ०.० | १.२ | ३५.८ |
| उत्तर दिन चाहन्न | ३.१ | ०.८ | ३.५ | १.६ | २.० | ०.० | ०.० | ११.० |
| **कुल** | ३१.९ | १५.० | १५.७ | २३.६ | ११.८ | ०.४ | १.६ | १००.० |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.२५ विभिन्न कारणले गर्दा कामदारले तोकिएको भन्दा बढी रकम तिर्नु परेको छ । निःशुल्क भिसा र टिकटको प्रावधान भएपनि मेनपावर कम्पनीलाई बढी रकम तिर्नुपरेको कारणका सम्बन्धमा ३७.४ प्रतिशतले बढी रकम नतिरी मेनपावर व्यवसायीले विदेश नपठाउने, २१ प्रतिशतले सरकारी निगरानीको अभाव, ७.१ प्रतिशतले आफू नगए अर्को व्यक्तिले तिरेर जाने (रोजगारीमा जाने प्रतिस्पर्धा), ५ प्रतिशतले धेरै तलब सुविधा र ३.४ प्रतिशतले सजिलो काम भएकाले बढी रकम तिर्नुपरेको बताएका छन् (तालिका ४.१६) ।

**तालिका ४.१६**
**निःशुल्क भिसा र टिकटको प्रावधानको पालना नहुनुको कारण**

| क्र.सं. | कामदारको संख्या | प्रतिशत |
|---|---|---|
| १ | बढी रकम नतिरी मेनपावरले नपठाउने भएकाले | ३७.४ |
| २ | सरकारी निगरानीको अभाव | २१.० |
| ३ | आफु नगए अर्को व्यक्तिले बढी तिरेर जाने भएकाले | ७.१ |
| ४ | धेरै तलव सुविधा हुने भएकोले | ५.० |
| ५ | सजिलो काम भएकाले | ३.४ |
| ६ | अन्य | २६.१ |
| **जम्मा** | | १००.० |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

## कामदारको लागतमा प्रभाव

४.२६ निःशुल्क भिसा र टिकटको प्रावधानको कारणले गर्दा कामदारहरुको वैदेशिक रोजगारीमा जाने खर्चमा उल्लेखनीय कमी आएको छ । विगतमा समेत विदेश गएका कामदारबाट निःशुल्क भिसा र टिकट प्रावधान लागू हुनुपूर्व र पछिको अवस्थामा कामदारको लागतको जानकारीका आधारमा यो प्रावधानले कामदारको लागतमा पारेको प्रभावलाई आँकलन गरिएको छ (तालिका ४.१७) । निःशुल्क भिसा र टिकटको व्यवस्था भन्दा अघिसम्म एक कामदारको औसतमा कुल लागत रु. ८६ हजार र मेनपावर कम्पनीलाई रु. ८१ हजार भुक्तानी गर्ने गरेकोमा यो प्रावधानपश्चात् कुल लागतमा उल्लेखनीय कमी आई औसत कुल लागत रु. ५१ हजार तथा मेनपावर कम्पनीलाई तिर्ने रकम रु. ४४ हजारमा झरेको देखिन्छ । वैदेशिक रोजगार व्यवसायीमार्फत् जाँदा पहिला झण्डै ९० हजारसम्म लागत व्यहोर्नुपर्ने अवस्था थियो । अन्य माध्यमबाट वैदेशिक रोजगार व्यवसायीमार्फत् जाँदा निःशुल्क भिसा र टिकटको व्यवस्थापश्चात् पनि अझै बढी लागत लाग्ने गरेको छ ।

**तालिका ४.१७**

**निःशुल्क भिसा र टिकट प्रावधानको लागतमा प्रभाव**

**(औसत लागत रु. मा)**

| विवरण | वैदेशिक रोजगार व्यवसायी मार्फत विदेश जाने | अन्य माध्यम | समग्र सहभागी |
|---|---|---|---|
| निःशुल्क भिसा तथा टिकट प्रावधान लागू हुनुपूर्व | ८९६१४ | ७४६३६ | ८६३५१ |
| निःशुल्क भिसा तथा टिकट प्रावधान लागू भएपछि | ५२४९६ | ४४२५१ | ५०९६० |
| **मेनपावर कम्पनी/एजेन्ट आफन्त लाई तिरेको रकम** | | | |
| निःशुल्क भिसा तथा टिकट प्रावधान लागू हुनुपूर्व | ८४५१७ | ७००००* | ८१३५८ |
| निःशुल्क भिसा तथा टिकट प्रावधान लागू भएपछि | ४५०५९ | ३७३६७* | ४३७०८ |

* एजेन्ट वा आफन्तलाई तिरेको रकम ।

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.२७ सर्वेक्षणमा सहभागी वैदेशिक रोजगार व्यवसायीका अनुसार विदेश जाने कामदारको खाडी मुलुक र मलेसिया जाँदा लाग्ने कुल खर्चमा कामको प्रकृति अनुसार भिन्नता हुने देखिन्छ । सुरक्षा गार्डमा खाडी मुलुक जाँदा जाने कामदारको औसत कुल खर्च रु. ६२ हजार र मलेसिया जाँदा औसत कुल खर्च रु. ५१ हजार लाग्ने गरेको देखिन्छ । त्यसैगरी, निर्माण श्रमिकका लागि खाडी मुलुकको हकमा रु. ३६ हजार र मलेसियाको लागि रु. ४४ हजार कुल खर्च लाग्ने गरेको देखिन्छ (तालिका ४.१८) ।

**तालिका ४.१८**

**कामको प्रकृति र देश अनुसार लाग्ने औसत खर्च (रु. मा)**

| काम | खाडी मुलुकमा (यु.ए.ई., साउदी, कतार, कुवेत, बहराइन, ओमन) | मलेसिया |
|---|---|---|
| सुरक्षा गार्ड | ६२,८५७ | ५०,९४० |
| होटल श्रमिक | ५८,७५० | ४८,४३८ |
| निर्माण श्रमिक | ३५,६२५ | ४३,७५० |
| प्राविधिक | ३९,३७५ | ४५,७१४ |
| अन्य काम | ४२,५०० | ५१,६६७ |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.२८ सर्वेक्षणमा सहभागी वैदेशिक रोजगार व्यवसायीका अनुसार सिधै कम्पनी बाहेकका माध्यमबाट कामदारको माग ल्याउँदा कामको प्रकृति अनुसार फरक पर्ने भएतापनि औसतमा प्रति कामदार रु. १७,६०० कमिशन खर्च लाग्ने गरेको देखिन्छ ।

## कामदारको मागमा पर्ने प्रभाव सम्बन्धी धारणा

४.२९ कामका लागि विदेश जाने अधिकांशले यो प्रावधानका कारण विदेशमा कामदारको माग बढ्ने बताएका छन् (तालिका ४.१९) । सर्वेक्षणमा सहभागी ७८.८ प्रतिशतले निःशुल्क भिसा र टिकट प्रावधानले कामको लागि विदेशिनेको संख्या बढ्ने, १.८ प्रतिशतले घट्ने र १९.४ प्रतिशतले उस्तै रहने बताएका छन् ।

**तालिका ४.१९**

**निःशुल्क भिसा र टिकट प्रावधानले कामदारको मागमा पर्ने प्रभाव**

| उत्तरदाता | पहिले भन्दा बढ्ने | पहिले भन्दा घट्ने | उस्तै रहने | जम्मा |
|---|---|---|---|---|
| **कामको लागि जानेको संख्या (उत्तरदाता कामदारको संख्या)** | २१५ | ५ | ५३ | २७३ |
| *(कुल उत्तरदातामा हिस्सा)* | *७८.८* | *१.८* | *१९.४* | *१००* |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.३० अधिकांश वैदेशिक रोजगार व्यवसायीहरुले निःशुल्क भिसा र टिकटको प्रावधानले वैदेशिक रोजगारीमा जानेको संख्या घटेको बताएका छन् । प्रश्नावली सर्वेक्षणमा सहभागी १४.८ प्रतिशत वैदेशिक रोजगार व्यवसायीले निःशुल्क भिसा र टिकट प्रावधानपश्चात् विदेश जाने कामदारको संख्या १६.२ प्रतिशतले बढेको जनाएका छन् । अर्कोतर्फ, ८३.३ प्रतिशत व्यवसायीले विदेश जाने कामदारको संख्या ४३ प्रतिशतले घटेको जनाएका छन् । परिच्छेद ३ मा उल्लेख भए अनुसार वैदेशिक रोजगारका लागि श्रमिकको मागमा भने कमी नआएको

तथ्यलाई समेत विश्लेषण गर्दा वैदेशिक रोजगारीमा जाने कामदार संख्या घट्नुमा आपूर्ति पक्ष जिम्मेवार देखिन्छ ।

**तालिका ४.२०**

**निःशुल्क भिसा र टिकटका कारण विदेश जाने कामदारको संख्यामा परेको प्रभाव**

*(वैदेशिक रोजगार व्यवसायीका अनुसार)*

| विवरण | बढेको | घटेको | जम्मा |
|---|---|---|---|
| उत्तरदाता व्यवसायीको संख्या | ८ | ४५ | ५४ |
| उत्तरदाता व्यवसायीको प्रतिशत | १४.८ | ८३.३ | १००.० |
| कामदारको संख्यामा परिवर्तन (औसत) | १६.२ | ४३.० | –२६.८ |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.३१ समग्रमा, विदेश जाने कामदारहरुको संख्या पछिल्ला वर्षहरुमा घट्दै गएको छ । तथापि, सर्वेक्षण अनुसार २९.६ प्रतिशत वैदेशिक रोजगारी व्यवसायी कम्पनीमार्फत् विदेशिने कामदारको संख्या औसतमा २९.८ प्रतिशतले बढेको देखिन्छ । अर्कोतर्फ, ६४.८ प्रतिशत व्यवसायीको कम्पनीमार्फत् विदेशिने कामदार संख्या औसतमा ४३.६ प्रतिशत घटेको देखिन्छ । रोजगारीको माग ल्याउन सक्ने र आन्तरिक रुपमा कामदारहरु बटुल्न सक्ने वैदेशिक रोजगार व्यवसायी कम्पनीहरुमार्फत् जाने कामदारहरुको संख्या बढेको हुनसक्ने अनुमान गर्न सकिन्छ (तालिका ४.२१) ।

**तालिका ४.२१**

**निःशुल्क भिसा र टिकटका कारण विदेश जाने कामदारको संख्यामा परेको प्रभाव**

*( वैदेशिक रोजगार व्यवसायीबाट उपलब्ध तथ्याङ्क अनुसार)*

| विवरण | बढेको | घटेको | तथ्याङ्क उपलब्ध नभएको | जम्मा |
|---|---|---|---|---|
| उत्तरदाता व्यवसायीको संख्या | १६ | ३५ | ३ | ५४ |
| उत्तरदाता व्यवसायीको प्रतिशत | २९.६ | ६४.८ | ५.६ | १००.० |
| कामदारको संख्यामा परिवर्तन (औसत) | २९.८ | ४३.६ | – | –२१.७ |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.३२ पछिल्ला वर्षमा मेनपावर कम्पनीले कम कामदार पठाएको देखिन्छ । यसको कारणमा ५० प्रतिशत व्यवसायीले माग घटेको, ११ प्रतिशतले विज्ञापन गरे अनुसार कामदार नै नआएको, ६ प्रतिशतले कामदार अनौपचारिक माध्यमबाट जाने गरेको बताएका छन् भने ३३ प्रतिशत व्यवसायीले यस सम्बन्धमा उत्तर दिन नचाहेको सर्वेक्षणले देखाएको छ ।

## आम्दानीमा पर्ने प्रभाव सम्बन्धमा वैदेशिक रोजगारीमा जानेको धारणा

४.३३ निःशुल्क भिसा र टिकटको प्रावधानले आम्दानी आप्रवाहमा पर्ने प्रभावका सम्बन्धमा मिश्रित प्रतिक्रिया रहेको देखिन्छ । यस सम्बन्धमा ६१.४ प्रतिशतले कुनै सम्बन्ध नरहेको धारणा राखेका छन् भने ३५.३ प्रतिशत कामदारले तलव बढ्ने र ३.३ प्रतिशतले पहिला भन्दा घट्ने धारणा राखेका छन् (तालिका ४.२२) ।

**तालिका ४.२२**

**निःशुल्क भिसा र टिकट प्रावधानले तलवमा पार्न सक्ने प्रभाव**

| उत्तरदाता | पहिला भन्दा बढ्ने | पहिला भन्दा घट्ने | उस्तै रहने | जम्मा |
|---|---|---|---|---|
| तलव (उत्तरदाता कामदारको संख्या) | ९६ | ९ | १६७ | २७२ |
| *(कुल उत्तरदातामा हिस्सा)* | *३५.३* | *३.३* | *६१.४* | *१००* |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.३४ विगतमा समेत विदेश गएका कामदारबाट प्राप्त तथ्याङ्क अनुसार यो प्रावधान लागू हुनुपूर्व रु. २८ हजार रहेको मासिक औसत आम्दानी यो प्रावधानपश्चात् रु. ३४ हजार पुगेको देखिन्छ । वैदेशिक रोजगार व्यवसायीमार्फत् जानेको आम्दानी अघि र पछि क्रमशः रु. २८ हजार र रु. ३३ हजार रहेको देखिन्छ भने अन्य माध्यमबाट गएकाको आम्दानी क्रमशः रु. २८ हजार र रु. ३९ हजार ५ सय रहेको देखिन्छ (तालिका ४.२३) । यस अनुरुप यो प्रावधानको कारण कामदारको आय वृद्धि भएको भन्ने बलियो आधार देखिदैन ।

**तालिका ४.२३**

**निःशुल्क भिसा र टिकट प्रावधानले कामदारको आम्दानीमा परेको प्रभाव**

| प्रावधान | मासिक औसत आम्दानी (रु) | | |
|---|---|---|---|
| | वैदेशिक रोजगार व्यवसायी मार्फत् गएका | अन्य माध्यमबाट गएका | समग्र सहभागी |
| निःशुल्क भिसा तथा टिकट प्रावधान लागू हुनुपूर्व | २८,२३८ | २८,३४१ | २८,२६० |
| निःशुल्क भिसा तथा टिकट प्रावधान लागू भएपछि | ३२,९७० | ३९,५४२ | ३४,३८२ |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

४.३५ अघिल्लो पटकको तुलनामा पछिल्लो पटक वैदेशिक रोजगारीमा जाँदा कामदारको आम्दानी २२ प्रतिशतले वृद्धि भएको देखिन्छ । यस अन्तर्गत वैदेशिक रोजगार व्यवसायीमार्फत् विदेश गएकाको आम्दानी १७ प्रतिशत र अन्य माध्यमबाट विदेश गएकाको आम्दानी ४० प्रतिशतले वृद्धि भएको देखिन्छ ।

## विप्रेषण आप्रवाहमा पर्ने प्रभाव सम्बन्धमा वैदेशिक रोजगारीमा जानेको धारणा

४.३६ निःशुल्क भिसा र टिकटको प्रावधानले विप्रेषण आप्रवाहमा पर्ने प्रभावका सम्बन्धमा मिश्रित प्रतिक्रिया रहेको पाइन्छ । अधिकांश सहभागीले यो व्यवस्थापछि पनि घर पठाउने रकम (विप्रेषण आप्रवाह) उस्तै रहने जनाएका छन् । जस अनुसार ४०.४ प्रतिशतले यो व्यवस्था पछि घर पठाउने रकम बढ्ने, ५.६ प्रतिशतले घट्ने र ५४.१ प्रतिशतले उस्तै रहने जनाएका छन् (तालिका ४.२४) ।

**तालिका ४.२४**

**निःशुल्क भिसा र टिकट प्रावधानको विप्रषण आप्रवाहमा पर्न सक्ने प्रभाव**

| उत्तरदाता | पहिला भन्दा बढ्ने | पहिला भन्दा घट्ने | उस्तै रहने | जम्मा |
|---|---|---|---|---|
| घर पठाउने रकम (उत्तरदाता कामदारको संख्या) | १०९ | १५ | १४६ | २७० |
| *(कुल उत्तरदातामा हिस्सा)* | *४०.४* | *५.६* | *५४.१* | *१००* |

*स्रोत : प्रश्नावली सर्वेक्षण ।*

## निःशुल्क भिसा र टिकटको प्रावधानको कार्यान्वयनमा देखिएका समस्याहरू

४.३७ यस अध्ययनले वैदेशिक रोजगारीमा जाने कामदार, वैदेशिक रोजगार व्यवसायीहरु र सरकारी निकायका प्रमुख समस्याहरु पहिचान गर्ने प्रयास गरेको छ । सर्वेक्षणको क्रममा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरु, वैदेशिक रोजगार व्यवसायी लगायत अन्य सरोकारवाला निकायबाट प्राप्त सूचना एवम् जानकारीका आधारमा यस क्षेत्रमा विभिन्न समस्या रहेको पाइएको छ ।

### *वैदेशिक रोजगार व्यवसायीसँग सम्बन्धित समस्या*

४.३८ **निःशुल्क भिसा र टिकटको प्रावधान सम्बन्धी सूचना प्रवाहमा समस्या देखिएको छ ।** वैदेशिक रोजगार व्यवसायीले निःशुल्क भिसा तथा टिकटको प्रावधानका सम्बन्धमा रोजगारीमा जानेलाई जानकारी नदिने समस्या रहेको देखिन्छ ।

४.३९ **वैदेशिक रोजगारमा संस्थागत सुशासनमा समस्या रहेको देखिन्छ ।** कतिपय वैदेशिक रोजगार व्यवसाय संस्थागत भन्दा पनि पारिवारिक तवरले सञ्चालन भइरहेका कारण तिनमा संस्थागत सुशासन तथा पारदर्शिताको समस्या देखिएको छ ।

४.४० **विदेश जाने कामदारहरु एजेन्टमार्फत् पनि जाने गरेका छन् ।** देशभित्र पनि बहुएजेन्टका कारण कामदार कति रकम तिर्छन् भन्ने यकिन हुन कठिन छ । कुनै कामदारको हकमा पाँच जनासम्म एजेन्ट रहेको व्यवसायीहरुको अनुभव छ ।

४.४१ **विदेश जाने कामदारलाई दुई किसिमको सम्झौता पत्र दिने गरिएको छ ।** कतिपय देशका कम्पनीले नेपाल सरकारले तोकेको भन्दा न्यूनतम तलब दिने कारण नेपाल सरकारले तोके अनुसार र अर्को विदेशी कम्पनीले दिने तलब अनुसारका दुई सम्झौता पत्र दिने गरिएको छ । यसबाट कामदारमा अन्यौलताको अवस्था छ ।

४.४२ **उच्च आम्दानी प्राप्त हुने कामको माग ल्याउन रोजगार व्यवसायीहरुमा उत्प्रेरणाको अभाव रहेको छ ।** यस प्रावधानले राम्रो आम्दानी तथा सुरक्षित रोजगारीको माग खोजी गर्ने व्यवसायी र कम आय प्राप्त हुने जोखिमयुक्त रोजगारीमा पठाउनेहरुका लागि एकै किसिमको व्यवस्था गरेकोले यसबाट राम्रो काम खोजी गर्नमा उत्प्रेरणा नभएको पाइएको छ ।

४.४३ **वैदेशिक रोजगार व्यवसायीबीच पनि अस्वस्थ्य प्रतिस्पर्धा रहेको छ ।** एक मेनपावर कम्पनीले विदेशी कम्पनीबाट ल्याएको निःशुल्क भिसा तथा टिकटमा कामदारको माग आफूले लिन अर्को मेनपावर कम्पनीले निःशुल्क भिसा मात्र दिएपनि कामदार पठाउने तथा गन्तव्य मुलुकबाट प्रस्ताव गरेको तलबभन्दा कम तलबमा पठाइदिने प्रस्ताव गर्ने गरेको बुझिएको छ ।

***कामदारसँग सम्बन्धित समस्या***

४.४४ **कामदारको मौद्रिक लागत अझ पनि उच्च रहेको छ ।** वैदेशिक रोजागरीमा जाने कामदार सरकारले तोकेको भन्दा अधिक शुल्क तिरेर विदेश जाने गरेको देखिन्छ । निःशुल्क भिसा टिकटको व्यवस्थामा जान पाइने आसमा विभिन्न मेनपावर कम्पनी धाउँदा समेत लागत बढेको देखिन्छ ।

४.४५ **कामदारले तोकिएको भन्दा अधिक रकम तिर्ने गरेका छन् ।** निःशुल्क भिसा र टिकट भनिए पनि वैदेशिक रोजगार व्यवसायीहरुले कमिशन तिरेर ल्याएको मागमा बढी रकम नतिरी कामदार नपठाउने कारण कामदारमा बढी रकम तिर्ने वा नतिर्ने अन्यौल रहेको छ ।

४.४६ **विदेश जानेमा सीपयुक्त जनशक्तिको संख्या न्यून रहेको छ ।** गन्तव्य मुलुकमा दक्ष कामदारको माग उच्च रहेकाले सोही अनुसार कामदार पठाउन नसकेको अवस्था रहेको छ । कामदारमा सीप सिकेर विदेश जानुपर्छ भन्ने सोचको विकास अझ पनि हुन सकेको देखिदैन ।

४.४७ **कामदारमा काम छोड्ने प्रवृत्ति समेत रहेको छ ।** निःशुल्क भिसा र टिकटको व्यवस्थाबाट विदेश गएका नेपाली कामदारले समयावधि अगाडि नै काम छोडे रोजगारदाता कम्पनीहरुले कामदार लैजाँदा लागेको खर्च मेनपावर कम्पनीबाट असुल उपर समेत गर्ने गरेका छन् । त्यसका लागि कतिपय कम्पनीले Security Deposit लिने गरेको देखिन्छ । कतिपय नेपाली कामदारमा आफ्नो रकम लगानी नभएको कारण जिम्मेवार नहुने प्रवृति समेत रहेको बुझिन्छ । विदेशमा कामदार स्वयं वा मेनपावर कम्पनी वा रोजगारदाता कम्पनीबाट समस्यामा पर्ने र यसको छानविनका अभावमा कतिपय अवस्थामा मेनपावर कम्पनी मात्र जिम्मेवार हुनुपर्ने मेनपावर व्यवसायीको गुनासो रहेको छ ।

४.४८ **व्यक्तिगत तवरबाट विदेश जानेको संख्या उच्च रहेको छ ।** व्यक्तिगत तवरबाट पर्यटक भिसामा समेत युएई लगायतका देशमा रोजगारीका लागि जाने गरेका पाइएको छ । त्यसरी जाने कामदार धेरै जसो समस्यामा पर्ने गरेका छन् । सर्वेक्षणमा संस्थागत भन्दा व्यक्तिगत माध्यमबाट जानेको लागत कम तथा कामबापत पाउने आम्दानी उच्च देखिएको छ । यसले भविष्यमा वैदेशिक रोजगार व्यवसायी भन्दा व्यक्तिगत पहल तथा अन्य माध्यमबाट जान व्यक्तिको आकर्षण बढ्ने जोखिम समेत रहेको छ ।

***वैदेशिक रोजगारसँग सम्बन्धित सरकारी निकायमा रहेका समस्या***

४.४९ **नेपालबाट कामदार पठाउन बढी समय लाग्ने गरेको गुनासो छ ।** कामदार अत्यावश्यक भएका कम्पनीले कामदार लैजान नसक्ने अवस्था रहेको छ । नेपालबाट पूर्व स्वीकृति, विज्ञापन, अन्तर्वार्ता, स्वास्थ्य परिक्षण लगायतका कार्य सम्पन्न गरी कामदार लैजान ३ देखि ४ महिनासम्म लाग्ने कारण कामदार अत्यावश्यक भएका कम्पनीहरुले ३/४ दिनसम्ममा पठाउन सक्ने अन्य देशबाट कामदार लैजाने गरेका छन् ।

४.५० **पूर्वाधार तथा कूटनैतिक भूमिका कमजोर रहेको गुनासो आउने गरेको छ ।** वैदेशिक रोजगार विभागमा अपर्याप्त पूर्वाधार र जनशक्तिका कारण श्रम स्वीकृतिमा समेत ढिलाई हुने बुझाई रहेको छ । विदेशमा रहेका दूतावासका कतिपय कर्मचारी नातेदारका मेनपावर कम्पनीमा कामदारको माग Divert गराउने गरेको समेत गुनासो रहेको छ । सरकारले देश भित्र यो प्रावधान लागू गर्न खोजे पनि गन्तव्य मुलुकका सरकारसँग पहल नगरेको गुनासो छ । विदेशमा कामदार समस्यामा पर्दा उद्दार गर्ने सिलसिलामा कतिपय अवस्थामा दूतावासबाट नेपालमा रहेका व्यवसायीहरुसँग सम्पर्क गर्ने तर रोजगारदाता कम्पनीसँग छलफल गर्न अग्रसरता नदेखाउने गुनासो आउने गरेको छ । अलपत्रमा परेका कामदारलाई उद्दार गर्ने अपर्याप्त जनशक्ति तथा अलपत्र कामदारलाई राख्न पर्याप्त आवासको अभाव

रहेको छ । त्यसैगरी, सरकारी निकायसँग भौतिक पूर्वाधार एवम् पर्याप्त जनशक्तिको अभाव रहेको पाइएको छ ।

४.५१ **सरकारको यस प्रावधानका कारण रोजगारदाता कम्पनीको लागत बढेको छ ।** भिसा र टिकटको खर्च बहन गर्नुपर्ने भएकाले रोजगारदाता कम्पनीको Recruitment Cost बढ्ने भएकाले निश्चित बजेट छुट्याएका त्यस्ता कम्पनीले गर्ने कामदारको माग अन्य देशतर्फ मोडिने सम्भावना पनि देखिएको छ ।

## नि:शुल्क भिसा र टिकटको प्रावधानको प्रभावकारी कार्यन्वयनका लागि सर्वेक्षणबाट प्राप्त सुझाव

४.५२ **विदेश जाँदै गरेका करिब एक चौथाई उत्तरदाताले यो प्रावधानमा सुधारका लागि सुझाव दिएका छन् ।** उत्तरदाताले यो प्रावधानको कार्यान्वयनको लागि सरकारको भूमिका प्रभावकारी हुनुपर्ने, अनुगमनमा जोड दिनुपर्ने, मेनपावर कम्पनीले सूचना प्रवाह गर्नुपर्ने, सरकारले पनि यो प्रावधानको प्रचार-प्रसारमा जोड दिनुपर्ने, मेनपावर कम्पनीको निगरानी गर्नुपर्ने, एजेन्टलाई निरुत्साहित गर्नुपर्ने, वैदेशिक रोजगार सम्वन्धी सरकारी निकायहरुलाई पारदर्शी बनाउनु पर्ने, सरकार-सरकारबीच सम्झौता गर्नुपर्ने, मेनपावर व्यवसायमा सुधार गर्नुपर्ने, प्राविधिक शिक्षामा जोड दिनुपर्ने, दक्षिण कोरियाको जस्तै EPS मोडल अन्य देशका लागि समेत लागू गर्नुपर्ने लगायतका सुझावहरु दिएका छन् ।

४.५३ **सर्वेक्षणमा सहभागी करिब आधा वैदेशिक रोजगार व्यवसायीले यो प्रावधानमा सुधारका लागि सुझाव दिएका छन् ।** यो प्रावधान गन्तव्य मुलुकको सरकारसँग सम्झौता गरी लागू गर्नुपर्ने, नि:शुल्क भिसा र टिकटमा गएका व्यक्तिले समयावधि भन्दा अघि नै काम छोड्ने कामदारबाट नै रकम असुल गर्ने व्यवस्था गर्ने, अस्वस्थ्य प्रतिस्पर्धा गर्ने मेनपावर कम्पनीलाई छानविन गरी कारवाही गर्नुपर्ने, छिटो छरितो ढङ्गले कामदार पठाउन सक्ने व्यवस्था गर्ने, सरकारी निकायमा पर्याप्त जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्नुपर्ने तथा कुटनैतिक भूमिकालाई प्रभावकारी बनाउनु पर्ने सुझावहरु प्राप्त भएका छन् ।

# परिच्छेद पाँच
# निष्कर्ष र सुझाव

नेपाल सरकारले **२०७२ जेठ २६ गतेदेखि सात राष्ट्रहरु :** मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब ईमिरेट्स, कुवेत, बहराईन र ओमानमा **रोजगारीमा जाने** कामदारको लागि **रोजगारदाता कम्पनीले भिसा र आतेजाते हवाई टिकट वापत लाग्ने खर्च** व्यहोर्ने व्यवस्था गरेको थियो । यस परिप्रेक्ष्यमा निःशुल्क भिसा तथा टिकटको प्रावधानले **वैदेशिक रोजगारीमा परेको प्रभावको आँकलन गर्ने प्रयास गरिएको छ । उपलब्ध द्वितीय तथ्याङ्क र वैदेशिक रोजगारीमा जान लागेका व्यक्तिहरु तथा वैदेशिक रोजगार कम्पनीहरुसँग प्रश्नावली सर्वेक्षणमार्फत् गरिएको विश्लेषणका आधारमा देहाय अनुसारको निष्कर्ष प्रस्तुत गरिएको छ ।**

## निष्कर्ष

५.१ नेपाली अर्थतन्त्रमा **वैदेशिक रोजगारी र विप्रेषण आप्रवाहको महत्वपूर्ण भूमिका** रहेको छ । वाह्य स्थायित्वदेखि गरिवी निवारण एवम् सामाजिक विकासमा विप्रेषणको उच्च योगदान रहेको छ ।

५.२ कामका लागि विदेश जाने कुल व्यक्तिमध्ये करिब ९५ प्रतिशत सरकारले **निःशुल्क भिसा र टिकटको व्यवस्था लागू गरेका देशहरुमा जाने गरेका** छन् । त्यसैगरी, नेपाल भित्रिने **कुल विप्रेषणमा** यी देशहरुको हिस्सा **करिब ७० प्रतिशत छ** ।

५.३ वैदेशिक रोजगार विभागबाट कामदारको मागमा प्रदान भएको पूर्वस्वीकृति अनुसार निःशुल्क भिसा र टिकट प्रावधान लागू भएपश्चात् उक्त सात देशहरुबाट नेपाली कामदारहरुको मागमा कमी आएको छैन । तर पछिल्लो दुई वर्षको अवधिमा मलेसिया र साउदी अरेवियाबाट हुने कामदारको मागमा भने कमी आएको छ । समग्रमा कामदारको मागमा कमी नआएपनि वैदेशिक रोजगारीमा जानेहरुको संख्या भने पछिल्ला वर्षहरुमा घट्दै गएको छ । यसको प्रमुख कारणमा मागभन्दा पनि आपूर्ति पक्ष बढी जिम्मेवार देखिएको छ । २०७२ साल बैशाखको भूकम्पपश्चात् पुनर्निमाणका कामहरु बढेको, राजनैतिक स्थिरतातर्फ देश उन्मुख भएकाले आन्तरिक आर्थिक गतिविधिहरु पनि बढेकोले देश भित्रै काम पाउने स्थिति भएकोले वैदेशिक रोजगारमा जानेको संख्यामा कमी आएको देखिन्छ ।

५.४ नेपाली कामदारका **प्रमुख प्रतिस्पर्धी देशको रुपमा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, फिलिपिन्स, भियतनाम लगायतका देशहरु** रहेका छन् । तसर्थ, वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुले आफ्नो प्रतिष्पर्धी क्षमता बढाउनु पर्ने देखिन्छ ।

५.५ निःशुल्क भिसा र टिकटको प्रावधानले वैदेशिक रोजगारीमा जाने खर्चमा उल्लेख्य कमी आएको छ । तर अझै पनि दुई तिहाई कामदारले सरकारले तोकेको न्यूनतम शुल्क भन्दा बढी तिर्नुपरेको अवस्था छ ।  विदेश जाने कामदारहरुबाट वैदेशिक रोजगार व्यवसायीहरुले अझैपनि अपारदर्शी ढंगबाट पैसा लिइरहेको अवस्था छ । तसर्थ, वैदेशिक रोजगार प्राप्त गर्न अझै महंगो नै रहने गरेको छ । यसबाट निःशुल्क भिसा र टिकटको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

५.६ निःशुल्क भिसा र टिकटको व्यवस्थामा थुप्रै समस्याहरु देखिएका छन् । वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका अनुसार यस व्यवस्थामा सरकारी अनुगमन कमजोर रहेको र मेनपावर व्यवसायीहरुले अपारदर्शी ढङ्गबाट रकम लिने गरेको जस्ता गुनासा रहेका छन् । त्यसैगरी, वैदेशिक रोजगार व्यवसायीले यो प्रावधान गन्तव्य मुलुकको सरकारसँग सम्झौता नगरी देशमा मात्र लागू गर्न खोजिएको, अझैपनि एजेन्टमार्फत् अतिरिक्त रकम भुक्तानी गरी माग ल्याउनु पर्ने अवस्था रहेको, निःशुल्क भिसा र टिकटमा गएका व्यक्तिले समयावधि भन्दा अघि नै काम छोड्ने गरेका, गएका व्यक्तिले काम छोडेमा कम्पनीले मेनपावरबाट कामदार लैजादाको रकम असुल्ने र मेनपावर कम्पनीबीच नै अस्वस्थ्य प्रतिस्पर्धा हुने गरेको जस्ता समस्या औल्याएका छन् ।

५.७ निःशुल्क भिसा र टिकटको प्रावधानका अतिरिक्त समग्रमा वैदेशिक रोजगारलाई मर्यादित र व्यवस्थित गर्न सरकारी संस्थागत संरचनाको क्षमतामा पनि कमी रहेको पाइएको छ । वैदेशिक रोजगार व्यवसायीहरुको अनुगमन गर्न, विद्यमान व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न र वैदेशिक रोजगारसँग सम्बन्धित निकायमा देखिएका समस्याहरु सम्बोधन हुन सकेका छैनन् ।

५.८ अन्य मुलुकको तुलनामा खाडी मुलुकबाट विप्रेषण पठाउन अझै बढी लागत लाग्ने गरेको छ । यसले गर्दा हुण्डी कारोबारले प्रोत्साहन पाउने देखिन्छ ।

## सुझाव

५.९ निःशुल्क भिसा र टिकटको प्रावधानले कामदारको विदेश जाने लागतमा केही कमी ल्याएपनि अपेक्षाकृत लागत नघटेको तथा कामदार विदेश जाने प्रकृयालाई सूचनामूलक

बनाउँदै संस्थागत सुशासनमा सुधार आवश्यक रहेको सन्दर्भमा यस प्रावधानलाई प्रभावकारी बनाउन निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

## (क) निःशुल्क भिसा र टिकटको कार्यान्वयन गर्न

५.१० **वैदेशिक रोजगार सम्बन्धी मापदण्ड तयार गरी विद्यमान व्यवस्थामा पुनरावलोकन गर्न आवश्यक देखिन्छ ।** सरकारले तोकेको स्तरमा लागत घटाउन क) सरकारले गन्तव्य मुलुकका सरकारसँग प्रत्यक्ष सम्झौता गरी आफ्नो प्रावधानको अवगत गराई लागू गर्ने अवस्थाको सृजना गर्ने वा ख) गन्तव्य मुलुकसँग सम्झौता गर्न सम्भव नभएमा विदेशमा कामबापत पाउने आम्दानीको आधारमा निश्चित भन्दा कम मासिक आय प्राप्त गर्नेको हकमा निःशुल्क भिसा र टिकट लागू गर्न र तोकिएको न्यूनतम भन्दा बढी आम्दानी प्राप्त हुने कामका लागि मापदण्ड तयार गरी व्यवसायीले लिन पाउने रकमलाई आम्दानीसँग आवद्ध गर्न उपयुक्त हुने देखिन्छ । तर, बढी आम्दानी देखाई नक्कली सम्झौता पत्र बनाएर कामदार पठाएमा सो अनुसारको रकम वैदेशिक रोजगार कम्पनीबाट असुल उपर गरी कामदारलाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

५.११ **कामदार रहेका देशमा कुटनैतिक सम्झौता गर्न आवश्यक देखिन्छ ।** वैदेशिक रोजगार विभागको आधुनिकीकरण, पूर्वाधार विकास र श्रम स्वीकृतिको चापलाई मध्यनजर गरी कर्मचारी व्यवस्थापनतर्फ उचित ध्यान दिनुपर्ने देखिन्छ । गन्तव्य मुलुकमा खटाइएका राजदूत, श्रमसहचारी लगायतका पदाधिकारीहरुको योग्यताको मापदण्ड तयार गर्न तथा क्षमता अभिवृद्धिमा जोड दिन आवश्यक छ ।

## (ख) संस्थागत सुशासन कायम गर्न

५.१२ **वैदेशिक रोजगार व्यवसायी संस्थाको संस्थागत विकास तथा सुशासनमा जोड दिन आवश्यक छ ।** कुनै पब्लिक कम्पनीको रुपमा नभई व्यक्ति तथा तिनका परिवार वा साझेदारबाट सञ्चालन भइरहेका वैदेशिक रोजगार कम्पनीहरुको सुशासनमा जोड दिनुपर्ने देखिन्छ । यी कम्पनीको व्यवसायीकरणका लागि आय-व्यय सार्वजनिक गर्नुपर्ने, सूचनाको प्रवाह गर्नुपर्ने, सञ्चालन समितिको व्यवस्था गर्नुपर्ने तथा पब्लिक लिमिटेड कम्पनीको संलग्नतालाई प्रोत्साहित गर्दै जानु उचित देखिन्छ । यस्ता कम्पनीको स्थापना हुन सकेमा यी पब्लिक कम्पनीले विदेशमा समेत सञ्जाल विस्तार गर्ने, ती सञ्जालले प्रत्यक्ष रुपमा रोजगारदाता कम्पनीबाट कामदारको मागको खोजी गर्ने, कामदार समस्यामा परेको अवस्थामा समाधानको लागि रोजगारदातासँग छलफल गर्ने र स्वदेश फर्काउनु पर्ने कामदारलाई सहजीकरण गर्ने कार्यमा सहयोग पुग्ने देखिन्छ ।

५.१३ **वैदेशिक रोजगारीमा जानका लागि संस्थागत माध्यम प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।** सर्वेक्षणले कामका लागि विदेश जाने ५ मध्ये १ व्यक्ति संस्थागत बाहेकका माध्यमबाट विदेश जाँदै गरेको देखाएको सन्दर्भमा अन्य माध्यमबाट जाने कामदार बढी जोखिममा पर्ने सम्भावना रहने हुँदा संस्थागत माध्यमको प्रयोगलाई बढावा दिने रणनीति अवलम्वन गर्नु उपयुक्त हुने देखिन्छ ।

५.१४ **सरकारले वैदेशिक रोजगार कम्पनीहरुलाई तिनको क्षमता तथा कामकारबाहीको अवस्थाका आधारमा श्रम मन्त्रालयबाट Rating गर्ने व्यवस्था गर्नु आवश्यक छ ।** वैदेशिक रोजगार व्यवसायीको कार्यसम्पादनमा आधारित रहेर Rating गर्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । विदेश पठाएका व्यक्तिको संख्या, तिनले गर्ने आम्दानी, पठाइएको कम्पनीको आर्थिक तथा श्रम अवस्था, श्रमिकका गुनासा तथा उजुरीका आधारमा तिनको रेटिङ्ग गरी उत्कृष्ट संस्थाहरुलाई प्रोत्साहन गर्ने तथा कमजोर रेटिङ्गमा रहेका संस्थाको सुधार तथा खारेजी गर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

## (ग) सूचना प्रणालीको विकास गर्न

५.१५ **कामका लागि विदेश जाने र फर्कनेको व्यवस्थित अभिलेखीकरण गर्नु आवश्यक छ ।** निःशुल्क भिसा तथा टिकटको व्यवस्था लागू भएका देशमा जानेको अभिलेख भएतापनि फर्केका व्यक्तिको व्यवस्थित अभिलेख उपलब्ध छैन । निःशुल्क भिसा र टिकटको व्यवस्था अन्तर्गत गएका कामदारको लागत र आम्दानी विवरण समेत उपलब्ध छैन । यसका लागि वैदेशिक रोजगारीमा गएका व्यक्तिको संख्या, तिनले गर्ने काम, आम्दानी, गएका कम्पनीको अवस्था लगायतका पक्षहरुको जानकारी समेटेर सूचना सुरक्षित गर्ने र कामदारले आफ्ना सम्बन्धमा सूचनाहरु अद्यावधिक गर्न सक्ने सफ्टवेयर विकास गर्नु आवश्यक छ । साथै, वैदेशिक रोजगार परिचय नम्बर प्रदान गरी पहिले विदेश जाँदाको अभिलेख, सूचना, दक्षता, विदेशमा रहेको वा नेपाल फर्केको अवस्था, आम्दानीको स्तर, कम्पनी लगायतका व्यक्तिगत विवरण (Individual Profile) राख्ने व्यवस्था गर्न सकिएमा वैदेशिक रोजगारी सम्बन्धमा गहन अध्ययन अनुसन्धान गरी नियमन तथा नीति निर्माणमा सहयोग पुग्ने देखिन्छ ।

५.१६ **अनलाइन पोर्टल वा मोवाइल एप्सको निर्माण गरी नेपालमा प्राप्त भएका कामदारका सबै मागलाई सोही पोर्टल वा एप्समा राख्ने व्यवस्था गर्नु** उचित देखिन्छ । यसले कामदारलाई कामको तुलना गरी छनौट गर्न सहज हुन्छ । श्रमसँग सम्बन्धित नीति तथा सूचनाहरु समेत सोही पोर्टल वा एप्समा राख्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

५.१७ **विदेशमा रहेका कामदारको सरकारी संयन्त्रमा नियमित सम्पर्क हुने व्यवस्था गर्नु आवश्यक छ ।** विदेशमा रहेका कामदारको लगत राखी आवश्यक परेको समयमा सम्पर्क गर्न सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । त्यसैगरी, नेपाली कामदार रहेका कम्पनी तथा घरायसी कामदार रहेका घरहरुमा कामदारहरुको अवस्थाको विवरण तयार गर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

## (घ) गन्तव्यको विविधिकरण तथा अन्य

५.१८ **देशगत र कामको आधारमा विविधिकरण तथा नेपालीहरुको विशेषज्ञता भएका कामका लागि वैदेशिक रोजगारमा पठाउन सकिएमा उच्च प्रतिफल पाउने सम्भावना रहन्छ ।** वैदेशिक रोजगार व्यवसायीहरुले निर्माण क्षेत्रतर्फ बढी कामदार पठाएका देखिन्छन् । निर्माण क्षेत्र भन्दा सेवा क्षेत्रमा कामदार पठाउन पहल गर्ने तथा वैदेशिक रोजगार व्यवसायीको सहकार्यमा वैकल्पिक मुलुकको पहिचान गरी ती मुलुकतर्फ कामदार पठाउन जोड दिनु पर्ने देखिन्छ ।

५.१९ **कामदार विदेश जाँदा लाग्ने मौद्रिक लागत र समय कम गर्ने उपाय अवलम्वन गर्नु आवश्यक छ ।** वैदेशिक रोजगार व्यवसायमा जाने कार्यको सरलीकरणका लागि पूर्वस्वीकृति तथा पत्रिकामा विज्ञापन गर्नुपर्ने लगायतका प्रक्रियालाई सरलीकरण गर्नु आवश्यक रहेको छ । वैदेशिक रोजगार कम्पनीलाई जिम्मेवार बनाउन कम्पनीले गर्ने वार्षिक औसत कारोबार (एक कामदारको खर्च र विदेश गएका संख्याको गुणनफल) बराबरको रकम नगद वा आवश्यक अध्ययन गरी धरौटी राख्नुपर्ने व्यवस्था गर्नु उचित देखिन्छ ।

५.२० **गन्तव्य मुलुकहरुको श्रमबजार सम्बन्धी अवस्था र नियामकहरुबारे थप अध्ययन हुन आवश्यक रहेको छ ।** ती देशहरुको श्रम बजारको अवस्था अनुरुप आवश्यक नीतिगत उपायहरु अवलम्बन गर्न उपयुक्त देखिन्छ ।

५.२१ **कामदारले विप्रेषण पठाउदा तिर्नुपर्ने शुल्क कम गर्ने रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ ।** कतिपय देशबाट विप्रेषण पठाउँदा उच्च शुल्क तिर्नुपर्ने कारण विप्रेषण कारोबार गर्ने संस्थाहरुको सञ्जाल विस्तार गर्न प्रोत्साहन गर्नुका साथै सहज एवम् कम शुल्कमा विप्रेषण पठाउन सक्ने वातावरण सृजना गर्नु आवश्यक छ । हुण्डी कारोबार गर्ने तथा ट्रयाङ्गुलर फण्डिङ्ग (कामदारबाट विदेशमा रकम संकलन गर्ने, न्यून बिजकीकरणको आयातमा भुक्तानी गर्ने र कामदारको रकम नेपालमा नेपाली मुद्रामा भुक्तान गर्ने) गरी आयात गर्ने कारोबारीको पहिचान गरी कारबाहीको दायरामा ल्याउने व्यवस्था गर्न आवश्यक देखिन्छ ।

# सन्दर्भ सूची


Bureau of Emigration & Overseas Employment. 2017. *Reports and Statistics*. Retrieved on July 10, 2017, from http://www.beoe.gov.pk/reports-and-statistics.

Bureau of Manpower , Employment and Training. 2017. *Overseas Employment and Remittances*. Retrieved on July 10, 2017, from http://www.bmet.gov.bd/BMET/ viewStatReport.action? reportnumber=17 .

CBS. 2011. *National Population and Housing Census 2011*. Kathmandu: Central Bureau of Statistics Nepal.

वैदेशिक रोजगार विभाग. २०७१. *वार्षिक प्रगति विवरण २०७०/७१.* Retrieved on July 10, 2017, from http://www.dofe.gov.np/new/uploads/article/year2070-71.pdf.

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड. २०७४. *आप्रवासी श्रोत केन्द्रका काम तथा सेवाहरु.* Retrieved on July 10, 2017, from http://fepb.gov.np/content.php?id=1009

नेपाल सरकार. २०७३. *वैदेशिक रोजगारका लागि श्रम आप्रवासन प्रतिवेदन २०१४/१५.* Retrieved on July 10, 2017, from http://mole.gov.np/Report.aspx/lan/ne-NP

International Migration in South and South-West Asia. 2017. *Labour Migration Outflow Database.* Retrieved on July 10, 2017, from United Nations Economic Social Commission for Asia and the Pacific. http://sitreport.unescapsdd.org/labour-migration-outflow .

Ministry of External Affairs Overseas Employment Division. 2017. *eMigrate*. Retrieved on July 10, 2017, from https://emigrate.gov.in/

MOF. 2017. *Economic Survey*. Kathmandu: Government of Nepal Ministry of Finance.

नेपाल राष्ट्र बैंक. २०७३. *विप्रेषण प्राप्त गर्ने घर परिवारको बचत तथा लगानी प्रवृति.* काठमाडौं. नेपाल राष्ट्र बैंक.

Phillipines Overseas Employment Administration (POEA). 2017. *Revised POEA Rules and Regulations.* Retrieved on July 10, 2017, from http://www.poea.gov.ph/ laws&rules/files/ Revised%20POEA%20Rules%20And%20Regulations.pdf

Sri Lanka Bureau of Foreign Employment. 2017. *Sri Lanka Bureau of Foreign Employment*. Retrieved on July 10, 2017, from http://www.slbfe.lk/page.php?LID=1&MID=37

Statistics Canada. 2010. *Survey Methods and Practices.* Retrieved on July 10, 2017, from http://www.statcan.gc.ca

The World Bank 2017. *Migration and Remittances Data.* Retrieved on July 10, 2017, from https://www.worldbank.org/en/topic/migrationremittancesdiasporaissues/brief/migration-remittances-data.

World Bank Group. 2016. *Migration and Remittances Factbook* . Retrieved on July 10, 2017, from https://siteresources.worldbank.org/

# नेपाल राष्ट्र बैंक
## अनुसन्धान विभाग
## केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं

## निःशुल्क भिसा तथा टिकट नीतिको वैदेशिक रोजगारीमा परेको प्रभाव विषयक अध्ययन

**उत्तरदाताः विदेशमा काम गर्न जाने व्यक्तिसँग सम्बन्धित सर्वेक्षण (Field Survey) प्रश्नावली**

*(प्राप्त सूचना, सुझाव तथा जानकारीहरु अध्ययन प्रयोजनको लागि मात्र उपयोग गरिने छ ।)*

१. **तपाई कुन देश जाँदै हुनुहुन्छ ? ☑**

☐ मलेसिया ☐ कतार ☐ ओमान
☐ यु.ए.ई. (दुबई) ☐ कुवेत
☐ साउदी अरव ☐ बहराईन

२. **तपाई कुन कामको लागि विदेश जाँदै हुनुहुन्छ ? ☑**

☐ निर्माण ☐ कृषि ☐ होटल ☐ वेल्डर
☐ सेक्युरिटी गार्ड ☐ ईलेक्ट्रिसियन ☐ पसल/डिपार्टमेन्टल स्टोर ☐ प्लम्बर
☐ ड्राईभिङ्ग ☐ उद्योग ☐ कार्पेन्टर ☐ अन्य ............

३. **कामको लागि विगतमा कति पटक विदेश जानु भयो र जम्मा कति वर्ष काम गर्नुभयो ?** (यो भन्दा पहिला गएको पटक ।)

☐ पहिलो पटक जाँदैछु । ☐ .......... पटक ☐ जम्मा ......... वर्ष काम गरेको

४. **तपाई कसरी विदेश जाँदै हुनुहुन्छ ?☑**

☐ मेनपावर कम्पनीमार्फत् ☐ एजेन्टमार्फत् ☐ साथी भाई र आफन्तमार्फत् ☐ अन्य ......

५. **तपाई कामको लागि यसपटक विदेश जाँदा कुल खर्च कति भयो?**
जम्मा लागेको खर्च : रु. ....................................,
जम्मा खर्चमध्ये
(क) मेनपावर कम्पनीलाई तिरेको रकम : रु.....................................,
(ख) एजेन्ट/साथिभाईलाई तिरेको खर्च : रु....................................., (एजेन्ट/साथिभाइमार्फत् गएको भए)
(ग) अन्य खर्च : रु.....................................,

६. **तपाईलाई कम्पनीले कति तलव दिने भनी सम्झौता भएको छ ?** (रकम रु.मा उल्लेख गर्ने ।)

☐ मासिक तलव सुविधा अनुमानित (विदेशी मुद्रा : ........................नेपाली मुद्रा : ....................)
☐ मासिक वस्ने सुविधा (छ) अनुमानित रकम ( नेपाली मुद्राः ....................) (छैन)
☐ मासिक खाने सुविधा (छ) अनुमानित रकम ( नेपाली मुद्राः ....................) (छैन)
☐ मासिक ओभरटाइम आय (छ) अनुमानित रकम ( नेपाली मुद्राः ....................) (छैन)

७. **तपाईलाई निःशुल्क भिसा र टिकटको व्यवस्था बारे जानकारी छ?☑**

☐ जानकारी छ । ☐ जानकारी छैन ।

(**जानकारी छ** भने प्रश्न नं ८ देखि १३ को उत्तर दिनुहोस र **जानकारी छैन र पहिला समेत गएकाले** प्रश्न १४ देखि १७ को उत्तर दिनुहोला ।)

८. **तपाई निःशुल्क भिसा र टिकटको व्यवस्था अन्तर्गत जानु भएको हो ?☑**

☐ हो । ☐ होईन ।

९. **तपाईले मेनपावर कम्पनीलाई नेपाल सरकारले तोकेको न्यूनतम शुल्क भन्दा बढी तिर्नुभयो ?☑**

☐ तिरें । ☐ तिर्नु परेन ।

१०. **निःशुल्क भिसा र टिकटको प्रावधान भएपनि मेनपावर कम्पनीलाई बढी रकम तिरेर जाने गरेको बुझिन्छ । तपाईको विचारमा रोजगारका लागि विदेश जानेले बढी रकम किन तिर्छन ?** (सबैभन्दा **महत्वपूर्णलाई १** र त्यसपछि प्राथमिकताका आधारमा **क्रमशः २, ३, ४** दिनुहोला । )

- ☐ बढी रकम नतिरी मेनपावरले नपठाउने भएकाले ।
- ☐ धेरै तलव सुविधा हुने भएकाले ।
- ☐ सजिलो काम भएकाले ।
- ☐ आफू नगए अर्को व्यक्तिले बढी तिरेर जाने भएकाले ।
- ☐ सरकारी निगरानीको अभाव ।
- ☐ अन्य ………………………………………………………………

११. **निःशुल्क भिसा र टिकटको प्रावधानले नेपालको वैदेशिक रोजगारीमा के असर गर्ला ?** ☑

उपयुक्त लागेकोमा ☑ चिन्ह लगाउनु होस ।

| | | | |
|---|---|---|---|
| **क) तलव :** | ☐ पहिला भन्दा बढ्ने | ☐ पहिलाभन्दा घट्ने | ☐ उस्तै रहने |
| **ख) कामको लागि जानेको संख्या :** | ☐ पहिला भन्दा बढ्ने | ☐ पहिलाभन्दा घट्ने | ☐ उस्तै रहने |
| **ग) काममा सहजता :** | ☐ पहिला भन्दा सजिलो | ☐ पहिलाभन्दा असजिलो | ☐ उस्तै रहने |
| **घ) घर पठाउने रकम :** | ☐ पहिला भन्दा बढ्ने | ☐ पहिलाभन्दा घट्ने | ☐ उस्तै रहने |

१२. **निःशुल्क भिसा तथा टिकटको व्यवस्थामा के के समस्या रहेका छन् ?** (पहिलो समस्यालाई १ र त्यसपछि क्रमशः २, ३, ४ दिनुहोला ।)☑

- ☐ मेनपावर व्यवसायीले निःशुल्क भिसा तथा टिकटको वारेमा जानकारी नदिने ।
- ☐ भिसा तथा टिकट निःशुल्क भनिए पनि खर्च आफै व्यहोर्नु पर्ने ।
- ☐ मेनपावर कम्पनीलाई रसिद विना नै रकम बुझाउनु पर्ने ।
- ☐ विदेश जान प्रोसेसिङ्ग समय बढी लाग्ने ।
- ☐ श्रम स्वीकृति लिन तोकिएको भन्दा बढी शुल्क खर्च गर्नुपर्ने ।
- ☐ श्रमस्वीकृति लिने प्रक्रिया झन्झटिलो रहेको ।
- ☐ अन्य भए उल्लेख गर्ने

  क) ………………………………………………………………………………
  
  ख) ………………………………………………………………………………

१३. **निःशुल्क भिसा र टिकटको प्रावधानमा सुधार गर्न आवश्यक छ?**

- ☐ छ ।
- ☐ छैन ।

**कारण,**

क) …………………… ………………… ………………………… …………………… …………………

ख) …………………… ………………… ………………………… …………………… …………………

## (विगतमा समेत गएकाहरुलाई)

१४. **यसभन्दा अघि वैदेशिक रोजगारीमा कुन मुलुक जानु भएको थियो ?**☑

| | | |
|---|---|---|
| ☐ मलेसिया | ☐ कतार | ☐ ओमान |
| ☐ यु.ए.ई. (दुबई) | ☐ कुवेत | ☐ अन्य … …. …. … … |
| ☐ साउदी अरव | ☐ बहराईन | |

**१५. यसभन्दा अघि वैदेशिक रोजगारीमा कुन कामको लागि जानु भएको थियो ?☑**

| | | | |
|---|---|---|---|
| ☐ निर्माण | ☐ कृषि | ☐ होटल | ☐ वेल्डर |
| ☐ सेक्युरिटी गार्ड | ☐ ईलेक्ट्रिसियन | ☐ पसल/डिपार्टमेन्टल स्टोर | ☐ डाक्टर/नर्स |
| ☐ ड्राईभिङ्ग | ☐ उद्योग | ☐ कार्पेन्टर | ☐ अन्य … …. …. … … |

**१६. यसभन्दा अघि वैदेशिक रोजगारीमा जाँदा अनुमानित खर्च कति भएको थियो?** (रकम रु.मा उल्लेख गर्ने।)

जम्मा लागेको खर्च : रु. ……………………………….,

जम्मा खर्चमध्ये

(क): मेनपावर कम्पनीलाई तिरेको रकम : रु……………………………….,

(ख): एजेन्ट/साथिभाईलाई तिरेको खर्च : रु………………………………., (एजेन्ट/साथिभाईमार्फत् गएको भए)

(ग): अन्य खर्च : रु. ……………………………….,

**१७. विदेशमा अघिल्लो पटक काम गर्दा तपाईको आम्दानी र घर पठाउने रकम कति थियो ?** (रकम रु.मा उल्लेख गर्ने।)

(क): मासिक तलव सुविधा अनुमानित (विदेशी मुद्रा : …………………….नेपाली मुद्रा : …………………)

(ख): घर पठाउने मासिक अनुमानित रकम ( नेपाली मुद्राः …………………)

| | |
|---|---|
| **उत्तरदाताको नाम** : …………………………………………………………, जिल्ला : ………………………… | |
| ठेगाना : ………………………………………………………… | |
| **सर्वेक्षणकर्ताको नाम र पद :** …………………………………………………………, | **मिति : ………………** |

# नेपाल राष्ट्र बैंक
## अनुसन्धान विभाग
### केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं

**निःशुल्क भिसा तथा टिकट नीतिको वैदेशिक रोजगारीमा परेको प्रभाव विषयक अध्ययन**

**वैदेशिक रोजगार व्यवसायीसँग सम्बन्धित सर्वेक्षण (Field Survey) प्रश्नावली**

*(प्राप्त सूचना, सुझाव तथा जानकारीहरु अध्ययन प्रयोजनको लागि मात्र उपयोग गरिने छ ।)*

**कम्पनीको नाम** : ................................................ **ठेगाना** : ........................................................

**सम्पर्क व्यक्ति** : ................................................. **सम्पर्क नम्बर** : ........................................................

**व्यवसाय गरेको अवधि :** .................... **वर्ष**

१. **तपाईको कम्पनीबाट विशेष गरी कुन कुन देशमा कामदारहरु जाने गर्दछन् ?**

क. ......................................  ख...................................

ग.......................................  घ....................................

२. **तपाईको कम्पनीबाट विशेष गरी कामदारहरु कस्तो खालको कामको लागि जाने गर्दछन् ?**

क. ......................................  ख...................................

ग.......................................  घ....................................

३. **विदेशमा कामदारका लागि प्रतिस्पर्धी देशहरु कुन कुन रहेका छन् ?**

| सि.नं. | कामको विवरण | विदेश कामदार पठाउने अन्य प्रतिस्पर्धी देश | | |
|---|---|---|---|---|
| | | १ | २ | ३ |
| १ | सुरक्षा गार्ड | | | |
| २ | होटल श्रमिक | | | |
| ३ | निर्माण श्रमिक | | | |
| ४ | प्राविधिक | | | |
| ५ | अन्य ....... ...... ..... .....<br>..... ....... ...... ..... .....<br>..... ....... ...... ..... .....<br>..... ....... ...... ..... ..... | ..... ....... ...... .....<br>..... ....... ...... .....<br>..... ....... ...... .....<br>..... ....... ...... ..... | ..... ....... ...... .....<br>..... ....... ...... .....<br>..... ....... ...... .....<br>..... ....... ...... ..... | ..... ....... ...... .....<br>..... ....... ...... .....<br>..... ....... ...... .....<br>..... ....... ...... ..... |

४. **विदेशबाट कामदारको माग कसरी प्राप्त गर्नुहुन्छ ?**

- ☐ सिधै कम्पनीबाट
- ☐ विदेश गएका कामदारलाई एजेन्ट नियुक्त गरेर
- ☐ कम्पनीका उच्च तहका कामदारलाई कमिशन तिरेर
- ☐ विदेशमा आफ्नै एजेन्ट रहेका
- ☐ विदेशी एजेन्टबाट कमिशन तिरेर
- ☐ अन्य.....................

५. **विदेश पठाउँदा औसतमा एक कामदारबापत कति खर्च लाग्ने अनुमान रहेको छ ?**

| | सिधै कम्पनीबाट माग आउँदा | आउट सोर्स कम्पनीबाट कमिशन तिरेर माग आउँदा | अन्य तरिकाबाट माग आउँदा |
|---|---|---|---|
| **कुल औसत लागत** | | | |
| भिसा तथा टिकट : रु. | | | |
| श्रम स्वीकृति : रु. | | | |
| सेवा शुल्क: रु. | | | |
| अन्य लागत :<br>१. ..............................<br>२. .............................. | <br>..............................<br>.............................. | <br>..............................<br>.............................. | <br>..............................<br>.............................. |

६. **निःशुल्क भिसा र टिकटको व्यवस्थापश्चात् कामदारलाई के फाईदा भएको छ ?**

☐ खर्चमा सहज ☐ समयमा सहज

☐ विदेश पुगेपछि कम्पनीबाट प्राप्त गर्ने तलव सुविधामा ☐ अन्य

७. **फ्रि भिसा र टिकटको व्यवस्था लागु भएपश्चात कामदारको अप्रत्यक्ष लागत बढेको छ?**

☐ छ । छ, भने के के मा छ ।

- …………………… ………………………… …………………… ………………………… ……………………
- …………………… ………………………… …………………… ………………………… ……………………

☐ छैन ।

८. **निःशुल्क भिसा र टिकट व्यवस्थाका कारणले विदेश जाने कामदारको संख्या कति प्रतिशतले बढेको वा घटेको छ ?**

☐ ....प्रतिशतले बढेको ☐ ……….. प्रतिशतले घटेको ☐ यथावत रहेको

**घटबढ हुनाको कारण**

……………………………………………………………………………………………………………………..

९. **निःशुल्क भिसा र टिकट व्यवस्था पछि समग्रमा विदेश जाने कामदारको संख्या घटेको देखिन्छ, मेनपावर कम्पनीले कामदार कम पठाउनुको कारण के रहेको छ ?**

☐ मागमा कमी आएको । ☐ विज्ञापन गरेअनुसार कामदार नै नआएको ।

☐ कामदार अनौपचारिक रुपमा जाने गरेको । ☐ ……………………………………………

१०. **निःशुल्क भिसा र टिकटको व्यवस्थाले वैदेशिक रोजगार व्यवसायमा केही अप्ठ्यारो परेको पाउनु भएको छ ?**

क) कामदारको मागमा : ………………………… ………………………… ………………… ………………………
………………………… ………………………… ………………… …………………

ख) कामदारले भोग्नु परेको समस्या : ………………………… ………………………… ………………… …………………
………………………… ………………………… ………………… …………………

ग) व्यवसायीले भोग्नु परेको समस्या : ………………………… ………………………… ………………… …………………
………………………… ………………………… ………………… …………………

घ) अन्य : ………………………… ………………………… …………………
……………………………………………… ………………………… ………………… ………………………

११. **निःशुल्क भिसा र टिकटको प्रावधानलाई थप प्रभावकारी बनाउन कस्ता सुधार गर्न आवश्यक छ?**

क) ……………………………………………………………………………………………… ……………………

ख) ……………………………………………………………………………………………… ……………………

१२. **कामदारलाई विदेश पठाउन सरकारबाट के के सहयोगको आवश्यकता छ ?**

क) ……………………………………………………………………………………………… ……………………

ख) ……………………………………………………………………………………………… ……………………

---

**सर्वेक्षणकर्ताको नाम र पद : ……………………………………  मिति : …………………………**

# नेपाल राष्ट्र बैंक
## अनुसन्धान विभाग
### केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं

**नि:शुल्क भिसा तथा टिकट नीतिको वैदेशिक रोजगारी र विप्रेषणमा परेको प्रभाव विषयक अध्ययन**

**वैदेशिक रोजगार व्यवसायीसँग सम्बन्धित सर्वेक्षण (Field Survey) प्रश्नावली**

*(प्राप्त सूचना, सुझाव तथा जानकारीहरु अध्ययन प्रयोजनको लागि मात्र उपयोग गरिने छ ।)*

## अनुसूची

**कम्पनीको नाम:** ........................................, ......................... ।

**क) तपाईको मेनपावर कम्पनीबाट कामदार कुन देश जाने गरेका छन्?**

| सि.नं. | देशको नाम | विदेश गएका कामदारको संख्या | | |
|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
| १ | मलेसिया | | | |
| २ | यु.ए.ई. (दुबई) | | | |
| ३ | साउदी अरव | | | |
| ४ | कतार | | | |
| ५ | कुवेत | | | |
| ६ | बहराईन | | | |
| ७ | ओमान | | | |
| ८ | अन्य | | | |
| | **जम्मा** | | | |

**ख) यो मेनपावरबाट विभिन्न कामको लागि विदेश वार्षिक रुपमा कति व्यक्ति विदेश जान्छन ? (औसत वार्षिक संख्या उल्लेख गर्ने)**

- ☐ सुरक्षा गार्ड (........................................)
- ☐ होटल श्रमिक (........................................)
- ☐ निर्माण श्रमिक (........................................)
- ☐ प्राविधिक (........................................)
- ☐ अन्य (........................................)
- ☐ (........................................)
- ☐ (........................................)

ग) **कामको प्रकृति र देश अनुसार लाग्ने औसत खर्च (नेपाली रुपैयाँमा उल्लेख गर्नुहोस् )**

| **सि.नं.** | **काम** | **खाडी क्षेत्रमा** (यु.ए.ई., साउदी, कतार, कुवेत, बहराइन, ओमन) | **मलेसिया** | **अन्य** |
|---|---|---|---|---|
| १ | सुरक्षा गार्ड | | | |
| २ | होटल श्रमिक | | | |
| ३ | निर्माण श्रमिक | | | |
| ४ | प्राविधिक | | | |
| ५ | अन्य............. | | | |
| ६ | ............. | | | |
| ७ | ............. | | | |
| ८ | ............. | | | |